# शिक्षा क्षेत्रको योजना

## (२०८१।२०८६)

स्वीकृत मिति : २०८१ माघ १६ गते
प्रमाणीत मिति: २०८२ साल जेष्ठ १२ गते
प्रकाशन मिति: २०८२ साल जेष्ठ १३ गते




**प्रकाशक**

## चन्द्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय चन्द्रपुर
शिक्षा युवा तथा खेलकुद शाखा
मधेश प्रदेश, नेपाल ।

# भुमिका

शिक्षा सामाजिक रूपान्तरण र समग्र विकासको आधारस्तम्भ हो। कुनै पनि राष्ट्रको दिगो विकास शिक्षाको गुणस्तर र पहुँचमा निर्भर रहन्छ। चन्द्रपुर नगरपालिका शिक्षाको क्षेत्रमा व्यवस्थापन, गुणस्तर तथा पहुँच विस्तारमा निरन्तर प्रतिबद्ध रहँदै आएको छ। आधारभूत तहसम्मको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाले उल्लेखनीय पहलहरू गर्दै आएको छ।

शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै तहका सरोकारवालाको जिम्मेवारी र सहभागिता अपरिहार्य छ। गुणस्तरीय र सुलभ शिक्षाको विकासका लागि साझा प्रयास र समन्वयको खाँचो अझ बढी महसुस भइरहेको छ। चन्द्रपुर नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको यथार्थ चित्रण र भावी योजनाको स्पष्ट खाका प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको यस पञ्चवर्षीय विद्यालय शिक्षा क्षेत्र विकास योजना नगरपालिका, विद्यालय, समुदाय, शिक्षा क्षेत्रका विज्ञ र साझेदार संस्थाहरूको सहभागितामा तयार पारिएको हो। यस योजनामा मानव संसाधन, शैक्षिक पूर्वाधार, नीति, कार्यक्रम तथा वित्तीय पक्षलाई समेटेर दीर्घकालीन रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। साथै, यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरू —विद्यालय परिवार, अभिभावक, समुदाय, गैरसरकारी संस्था तथा शिक्षा प्रेमीहरूको सक्रिय सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

योजना निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबै विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरू प्रति चन्द्रपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु।

धन्यावाद।

.....................................

संजय काफले

नगर प्रमुख

चन्द्रपुर नगरपालिका

संजय कुमार काफ्ले
नगर प्रमुख

# भुमिका

शिक्षा मात्र ज्ञान प्राप्तिको माध्यम होइन, सामाजिक न्याय, समानता र समावेशी विकासको मेरुदण्ड हो। प्रत्येक नागरिकको सशक्तिकरण, अवसरमा पहुँच र दिगो विकास सुनिश्चित गर्न शिक्षाको पहुँच र गुणस्तरलाई उच्च प्राथमिकतामा राख्नु आजको आवश्यकता हो। यस यथार्थलाई आत्मसात गर्दै चन्द्रपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई सुदृढ, समावेशी, उत्तरदायी र नतिजामूलक बनाउन विभिन्न नीतिगत तथा व्यवहारिक पहलहरू गर्दै आएको छ।

चन्द्रपुर नगरपालिका भित्रका सबै विद्यालयलाई समेटेर तयार गरिएको यो पञ्चवर्षीय विद्यालय शिक्षा क्षेत्र विकास योजना शिक्षा प्रणालीको सुधार, समावेशीकरण, क्षमता विकास, पूर्वाधार सुदृढीकरण, सिकाइको गुणस्तर अभिवृद्धि तथा संस्थागत सुधारका लागि एक महत्वपूर्ण दस्तावेज हो। योजना निर्माणको क्रममा विद्यालयहरू, अभिभावक, समुदाय, शिक्षक, शिक्षा विज्ञ, गैरसरकारी संस्था र सम्बन्धित निकायहरूको सहभागिता अत्यन्तै सराहनीय रह्यो।

शिक्षा क्षेत्रमा लगानीलाई दीगो प्रभावमा रूपान्तरण गर्न सबै तहका सरोकारवालाहरूको सहकार्य अपरिहार्य छ। नगरपालिकाको नेतृत्वमा हामी सबै मिलेर साझा उद्देश्यप्रति प्रतिबद्ध छौं—*प्रत्येक बालबालिका विद्यालय जाऊन्, गुणस्तरीय शिक्षा पाऊन्, र भविष्य निर्माण गर्न सक्षम बनोस्।*

उपप्रमुखको हैसियतले म यो योजना नगरपालिकाको समग्र शैक्षिक सुधारको आधारशिला हुनेमा पूर्ण विश्वास व्यक्त गर्दछु। साथै, यसको प्रभावकारी कार्यान्वयनका लागि नगर कार्यपालिका, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू, अभिभावक, समुदायका अगुवाहरू, नागरिक समाज र साझेदार संस्थाहरूको निरन्तर साथ र सहकार्यको हार्दिक अपेक्षा गर्दछु।

योजना निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरूलाई चन्द्रपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता प्रकट गर्दछु।

धन्यवाद।

जयमाला कुमारी चौधरी
उपप्रमुख
चन्द्रपुर नगरपालिका

जयमाला कुमारी चौधरी
नगर उप-प्रमुख

# भूमिका

चन्द्रपुर नगरपालिकाको शिक्षा योजना, २०८१ लाई यहाँ प्रस्तुत गर्दा म अत्यन्तै गर्व र उत्साहका साथ योजनाको भूमिका लेख्न पाएकोमा आफूलाई धन्य मान्दछु। यो योजना हाम्रो नगरको शैक्षिक विकासको दिशामा एक महत्त्वपूर्ण कदम हो, जसले हाम्रा बालबालिका, युवा, तथा सम्पूर्ण नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो संकल्पलाई प्रतिबिम्बित गर्दछ। वि.सं. २०७२ को संविधानले नेपाललाई संघीय गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ, जसअनुसार सङ्घ, प्रदेश, र स्थानीय तहका सरकारहरूले शिक्षा जस्ता मौलिक सेवाहरू प्रदान गर्ने जिम्मेवारी साझा गरेका छन्। यसैको अनुसरणमा चन्द्रपुर नगरपालिकाले शिक्षाको क्षेत्रमा निरन्तर प्रगति गर्ने र नागरिकहरूलाई समान शिक्षाको अवसर उपलब्ध गराउने दायित्व बोध गरेको छ। हाम्रो नगरपालिकाले शिक्षाको महत्त्वलाई प्राथमिकतामा राख्दै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र यससँग सम्बन्धित नियमावली, २०७७ लाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता र सन्धि-सम्झौताहरूले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिकाको शिक्षाको अधिकारलाई थप मजबूत बनाएको छ।

राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य (SDGs), इन्चोन सम्मेलन, २०१५ को घोषणापत्र, र नेपाल सरकारको पन्ध्रौं योजनाका लक्ष्यहरूलाई ध्यानमा राख्दै हामीले यो शिक्षा योजना तयार पारेकाछौं। यसले नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक अवस्था, जनसांख्यिकीय स्वरूप, र शासकीय संरचनालाई समेट्दै शिक्षाको समग्र अवस्थाको आधारमा योजना निर्माण गरेको छ। यो योजनाले नगरपालिकाका विद्यालयहरूलाई व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गर्ने, शिक्षकहरूको क्षमता विकास गर्ने, र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा महत्त्वपूर्ण भूमिका खेल्नेछ। साथै, यसले शिक्षा क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने, चुनौतीहरूलाई अवसरमा परिणत गर्ने, र नगरपालिकाको शैक्षिक उपलब्धिहरूलाई अगाडि बढाउने काम गर्नेछ। हामीले यस योजनालाई सफल बनाउन तीनै तहका सरकारहरूको समन्वय, सहकार्य, र सहकारितामा विश्वास गर्छौं। यसले शिक्षा प्रणालीमा आमुल परिवर्तन ल्याउन, पहुँच, गुणस्तर, र सहभागिता सुनिश्चित गर्न, र देशका लागि आवश्यक सक्षम, प्रतिस्पर्धी, र जिम्मेवार नागरिकहरू तयार गर्न मद्दत गर्नेछ।

अन्तमा, यो योजना नगरपालिकाका सबै नागरिकहरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, र स्थानीय सरोकारवालाहरूको सहयोग र सहभागिता बिना सफल हुन सक्दैन। हामी सबैको संयुक्त प्रयासले चन्द्रपुर नगरपालिकालाई शिक्षाको क्षेत्रमा एक उदाहरणीय नगर बनाउन सक्ने विश्वास लिएर यो योजना सबै माझ प्रस्तुत गर्दछौं।

धन्यवाद।

नि मुख प्रसाशकिय अधिकृत

चन्द्रपुर नगरपालिका

# कार्यकारी संराश

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो। सामाजिक रूपान्तरण, सभ्य समाज निर्माण र राष्ट्रको समृद्धिका लागि शिक्षा अनिवार्य छ। शिक्षा व्यक्तिको मर्यादित जीवन र सम्मानजनक रोजगारीका लागि आधार प्रदान गर्दछ। नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा सुनिश्चित गर्दै आधारभूत र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ। आर्थिक रूपमा विपन्न र अपांगता भएका व्यक्तिहरूका लागि उच्च शिक्षा र मातृभाषामा शिक्षा प्राप्ति सुनिश्चित गरिएको छ।

चन्द्रपुर नगरपालिकाले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक र रोजगारमूलक बनाउँदै, नगरको लगानी वृद्धि गर्ने र निजी क्षेत्रलाई नियमन गरी सेवामूलक बनाउने लक्ष्य राखेको छ। संविधान २०७२ को धारा ३१ ले शिक्षालाई नागरिक अधिकारको रूपमा मान्यता दिएको छ। स्थानीय तहको एकल अधिकार अन्तर्गत माध्यमिक तहसम्मको शिक्षा समेटिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरले शिक्षा योजना तयार पार्दै बालबालिका, महिला, प्रौढ तथा सबै नागरिकलाई निःशुल्क आधारभूत र माध्यमिक शिक्षा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

चन्द्रपुर नगरपालिकाले नगर शिक्षा योजना निर्माण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन दृष्टिकोण, लक्ष्य, उद्देश्य, योजना निर्माण प्रक्रिया र पूर्व योजनाको समीक्षालाई समावेश गरेको छ। सामाजिक, भौगोलिक र शैक्षिक अवस्थाको विश्लेषण गर्दै, प्रारम्भिक बाल विकास शिक्षा, माध्यमिक शिक्षा, धार्मिक शिक्षा, अनौपचारिक शिक्षा र साक्षरता अभियानका कार्यक्रम अघि बढाइएको छ।त्यसलाई प्रभावकारी व्यवस्थापन तर्फ यो नगर शिक्षा योजना लक्षित रहने छ।नगरपालिकाले गुणस्तरीय शिक्षाको विकासका लागि विद्यालय सुशासन, आर्थिक पारदर्शिता र दक्षता अभिवृद्धिका लागि हरछन त्यार रहेको र त्यसैलाई आत्मसाथ गरि विद्यालय तहमा संरचनात्मक परिवर्तन, शिक्षक दरबन्दी व्यवस्थापन, परीक्षा प्रणाली सुधार, अनुगमन र सुपरिवेक्षणका माध्यमबाट शिक्षाको गुणस्तर सुधार गर्ने प्रमुख उद्देशको साथ यो नगर शिक्षा योजना तयार गरिएको छ।

संविधानले निर्दिष्ट गरेका अनिवार्य र निःशुल्क शिक्षाको मर्म अनुसार नगरपालिकाले प्रत्येक बालबालिकाको आधारभूत शिक्षा पहुँचमा वृद्धि गरी प्रतिस्पर्धी बनाउने लक्ष्य राखेको छ। यसले शिक्षा क्षेत्रका अवसर, चुनौती र समाधानका रणनीतिहरू पनि स्पष्ट रूपमा निर्धारण गरेको छ।चन्द्रपुर नगरपालिकाको शिक्षा योजनाले शिक्षालाई समयानुकूल र गुणस्तरीय बनाउन संविधान, शिक्षा ऐन, नगर शिक्षा ऐन, नीतिनिर्देशिका र -प्रतिवेदनलाई आधार मानेर कार्यान्वयन गर्ने प्रयास गरेको छ। आयोगका

दिपेन्द्र मणडल

शिक्षा शाखा प्रमुख, चन्द्रपुर नगरपालिकारौतहट ,

परिच्छेद एकः परिचय ........................................................................................ १
१.१ पृष्ठभुमी........................................................................................ १
१.२ पालिकाको समग्रह सन्दर्भ ........................................................................................ २
कसामजिक तथा सांस्कृतिक ( अवस्था ........................................................................................ 2
खआर्थिक गतिविधिहरु (........................................................................................ 3
गभौगोलिक तथा जनसाङ्ख्यिक ( ........................................................................................ 3
घबजार र पर्यटन (........................................................................................ 6
ङपूर्वाधार र विकास ........................................................................................ 6
च चन्द्रपुर नगरपालिकाको शैक्षिक (अवस्था ........................................................................................ 6
छनीतिंगत प्रवन्ध ( ........................................................................................ 7
ज बिधालय (सङ्ख्या........................................................................................ 7
झ बिधार्थी (सङ्ख्या........................................................................................ 8
ञ तहगत शिक्षक (सङ्ख्या ........................................................................................ 9
ठशैक्षिक उपलब्धि तथा अन्तर (........................................................................................ 10
ड (विधालय क्षेत्र विकास योजान कार्यान्वयन ........................................................................................ 11
१.३.विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरु ........................................................................................ ११
१.४. शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू........................................................................................ १२
१.५. पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ........................................................................................ १२
परिच्छेद दुई ........................................................................................ १३
दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीतितथा लक्ष्य/गन्तव्य ........................................................................................ १३
२परिचय १. ........................................................................................ 13
२ दीर्घकालीन सोच २.(Vision) ........................................................................................ 13
२.३ लक्ष्य (Mission) ........................................................................................ 13
२उद्देश्य ४.हरू (Objectives)........................................................................................ 13
परिच्छेद ३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू........................................................................................ २१
३.१ प्रारम्भिक बालविकास र शिक्षा........................................................................................ २२
३वर्तमान अवस्था १.१. ........................................................................................ 22
३समस्या चुनौतिहरु १.१.१. ........................................................................................ 24
३उद्देशयहरु .२.१. ........................................................................................ 24
३रणनीति .३.१ ........................................................................................ 24
३प्रमुख उपलब .४.१.०धि तथा नतिजा ........................................................................................ 25

३प्रमुख क्रियाकलाप तथा लक्ष्य .४.१. ........ 25
३आधारभूत शिक्षा २........ 28
३माध्यमिक ३........ 32
३.३.२ उद्देशयहरु ........ ३४
३.३.३ रणनीतिहरु........ ३५
३.३.४ प्रमुख उपलब्धिहरु तथा नतिजा ........ ३६
३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ३८
३शिक्षा तथा आजीवन सिकाइ अनौपचारिक ६........ 39
३वर्तमान अवस्था १.६. ........ 39
परिच्छेद ४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू........ ४५
४.१. शिक्षक व्यवस्थापन र विकास........ ४५
४१..१ वर्तमान अवस्था ........ 45
४१..२ समस्या र चुनौतिहरु........ 46
४१..३ उद्देश्य........ 47
४१..४ रणनीति........ 47
४१..५ प्रमुख उपलब्धि तथा नतिजा ........ 47
४.२ पाठ्यक्रम तथा मुंल्याङ्कन ........ ४९
४.२.१ वर्तमान अवस्था ........ 49
४२..२ समस्या तथा चुनौतिहरु........ 49
४२..३ उद्देश्य........ 50
४२..४ रणनिति........ 50
४२.:५ अपेक्षित उपलब्धि, र नतिजा........ 51
४२..६.प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 52
४.३. शैक्षिक समता र समावेशिकरण........ ५२
४३..१ वर्तमान अवस्था ........ 52
४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम........ ५४
४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 64
५.२ स्थानिय शिक्षा योजनाको कार्यान्वयनको प्रवन्ध ........ ७०
परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन ........ ७४
परिच्छेद ७ :अनुगमन तथा मूल्याङ्कन........ ८०
७चुनौतीहरु १.१........ 80

परिच्छेद एकः परिचय......................................................................................................................१

१.१ पृष्ठभुमी..............................................................................................................................१

१.२ पालिकाको समग्रह सन्दर्भ........................................................................................................२

कसामजिक तथा सांस्कृतिक अवस्था ( ........................................................................................2

खआर्थिक गतिविधिहरु (.............................................................................................................3

गभौगोलिक तथा जनसाङ्ख्यक ( ...............................................................................................3

घबजा (र र पर्यटन...................................................................................................................6

ङपूर्वाधार र विकास ..................................................................................................................6

चचन्द्रपुर नगरपालिकाको शैक्षिक अवस्था ( ...............................................................................6

छनीतिगत प्रवन्ध ( .....................................................................................................................7

ज बिधालय (सङ्ख्या..................................................................................................................7

झ बिधार्थी (सङ्ख्या....................................................................................................................8

ञ तहगत शिक्षक (सङ्ख्या ..........................................................................................................9

ठशैक्षिक उपलब्धि तथा अन्तर (.................................................................................................10

डविधालय क्षेत्र विकास योजान कार्यान्वयन ( ..............................................................................11

१.३.विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरु.....................................................................................११

१.४. शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू.........................................................................१२

१.५. पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ............................................................ १२

परिच्छेद दुई ..............................................................................................................................१३

दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीतितथा लक्ष्य/गन्तव्य .......................................................................१३

२परिचय १. ..............................................................................................................................13

२ दीर्घकालीन सोच २.(Vision) ......................................................................................................13

२.३ लक्ष्य (Mission) ......................................................................................................................13

२ श्यहरूउद्दे ४.(Objectives).........................................................................................................13

परिच्छेद ३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू..............................................................................२१

३.१ प्रारम्भिक बालविकास र शिक्षा......................................................................................................२२

३वर्तमान अवस्था १.१. ...............................................................................................................22

३समस्या चुनौतिहरु १.१.१. ..........................................................................................................24

३उद्देशयहरु .२.१.......................................................................................................................24

३रणनीति .३.१..........................................................................................................................24

३प्रमुख उपलब्धि तथा नतिजा .४.१. ..............................................................................................25

३प्रमुख क्रियाकलाप तथा लक्ष्य .४.१. ........ 25
३आधारभूत शिक्षा २........ 28
३माद्यमिक ३........ 32
३.३.२ उद्देशयहरु ........ ३४
३.३.३ रणनीतिहरु........ ३५
३.३.४ प्रमुख उपलब्धिहरु तथा नतिजा ........ ३६
३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ ३८
३अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ६. ........ 39
३वर्तमान अवस्था १.६. ........ 39
परिच्छेद ४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू........ ४५
४.१. शिक्षक व्यवस्थापन र विकास ........ ४५
४१..१ वर्तमान अवस्था ........ 45
४१..२ समस्या र चुनौतिहरु........ 46
४१..३ उद्देश्य........ 47
४१..४ रणनीति........ 47
४१..५ प्रमुख उपलब्धि तथा नतिजा ........ 47
४.२ पाठ्यक्रम तथा मुंल्याङ्कन ........ ४९
४२..१ वर्तमान अवस्था ........ 49
४२..२ समस्या तथा चुनौतिहरु........ 49
४२..३ उद्देश्य........ 50
४२..४ रणनिति........ 50
.४२..५ अपेक्षित उपलब्धि, र नतिजा........ 51
४२..६.प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 52
४.३. शौक्षिक समता र समावेशिकरण........ ५२
४३..१ वर्तमान अवस्था ........ 52
४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ५४
४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य........ 64
५.२ स्थानिय शिक्षा योजनाको कार्यान्वियनको प्रवन्ध ........ ७०
परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन ........ ७४
परिच्छेद ७ :अनुगमन तथा मूल्याङ्कन........ ८०
७चुनौतीहरु १.१........ 80

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभुमी

नेपालको संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने उद्देश्यले शिक्षा सम्बन्धी हक तथा प्राथमिकता सुनिश्चित गरेको छ । यसलाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, नियमावली २०७७, र बालबालिका सम्बन्धी ऐन २०७५ लागु भएका छन् । राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित सुधारका लागि मार्गनिर्देशन गरेको छ ।नेपालमा शिक्षा क्षेत्रको सुरुवात राणाकाल देखि भए ता पनि व्यवस्थित विकासको प्रारम्भ २०११ सालको शिक्षा योजना आयोगको प्रतिवेदनबाट भएको देखिन्छ। त्यसपछिका विभिन्न योजना र परियोजनाले प्राथमिक, माध्यमिक तथा प्राविधिक शिक्षामा सुधार ल्याएका छन् । हालसम्म उच्च स्तरीय शिक्षा आयोग २०७६ को प्रतिवेदन र  हाल नयाँ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan - SESP) सन २०२२।२३ देखि २०३१।३२ साल सम्मको लगि त्यार गरिएको शिक्षाको एक योजना हो । यो खास गरि नेपालको शिक्षा क्षेत्रलाई सुधार र सबल बनाउन तयार गरिएको दीर्घकालीन योजना रुपमा नेपाल सरकारले अगाडि सारेको योजना हो। यस योजना अन्तर्गत विद्यालय शिक्षा प्रणालीलाई समावेशी, समतामूलक, गुणस्तरीय, र सबैको पहुँचमा पुऱ्याउने उद्देश्य राखिएको छ । विधालय शिक्षा क्षेत्र योजनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यहरू जस्तै '*सबैका लागि शिक्षा*', सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG)का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले सबैका लागिसमावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने ।

सविधानतः निर्देशित गरिएकोशिक्षाको अधिकार एक मानव अधिकारको रुपमा जन्तालाई प्रत्याभुतिका गराउनका निम्ति स्थानिय सरकार संचालन ऐनले स्थानिय तहलाई आवधिक २०७४ , योजना साथ साथै विषयगत योजना निर्माण गरि कार्यान्वयन गर्नु पर्ने कुरालाई नीतिगत रुपमा शिक्षाको एकल अधिकार स्थानिय तहमा रहेको सन्दर्भमा चन्द्रपुर  व्यवस्था गरेको छ । अत नगरपालिका शिक्षा योजना निर्माण गरि पालिकामुलुकको शैक्षिक उदेशय र लक्ष्य प्राप्तिमा प्रदेश र , समन्वय र सहकार्य गरि योजनावद्ध रुपमा शैक्षिक गतिविधिसंचालनका लागि यो विधालय शिक्षा क्षेत्र योजना वनाउन आवशयक देखिएको छ । यसै अनुरुप वेला बखत आइपर्ने विभिन्न किसिमका महामारीहरु र हुन सक्ने संभावित जलवायु परिवर्तनले ल्याएको ज़ोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उ़त्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिका तहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education

Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोण सहित वि.स. २०८१-२०८७ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूप लगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्रह सन्दर्भ

नेपालमा लामो द्वन्द्वको अन्त्यपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश, र स्थानीय तहमा निर्वाचित सरकार स्थापना भएको छ, जसले मुख्य कानुनी र व्यवस्थापकीय संरचनासहित कार्य सञ्चालन गरिरहेको छ । यो रौतहट जिल्ला कै जनसंख्या र क्षेत्रफलको अधारमा ठूलो नगरपलिका हो । चन्द्र समशेर प्रधानमन्त्री हुदाँ वस्नको लागि निगाह (वक्सनु ।दिनु) भएकोले यसको नाम चन्द्रनिगाहपुर रहन गएको हो । यस क्षेत्रमा वि.स. २००७ सालको क्रान्ति पचि व्यापकरुम वन फडानी गरि मानव वस्ति वस्न थालेको पाईन्छ । यो नगरपालिका १० वटा वडाहरुमा फैलिएको, वि।स। २०७८ को जनगणना अनुसार १६८२० घरधुरी रहेकोमा पुरुष जनसँख्या ४०३०६ र महिलाको जनसँख्या ४१५०३ गरी जम्मा जनसँख्या ८१,८०७ रहेको छ । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

### क) सामज़िक तथा सांस्कृतिक अवस्था

चन्द्रपुर नगरपालिकाको सामाजिक तथा सांस्कृतिक विविधता युक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यस नगरपालिकाको जातिय स्वरुप जनगणना २०७८ अनुसार हेर्ने हो भने थारु समुदायको औसत सबैभन्दा बढी रहेको छ (५.१५), जहाँ महिलाको औसत पुरुषभन्दा थोरै बढी छ (६.१५)। तमाङ (२.१०), पहाडी ब्राह्मण (२.१०), र क्षत्री समुदायमा पनि (८) महिलाको औसत पुरुषभन्दा माथि रहेको देखिन्छ । मगर समुदायमा पनि महिलाको औसत ५रहेको छ ३., जुन पुरुष भन्दा उच्च छ। (७.४) समुदायमा भने पुरुष र महिलाको औसत समान रहेको पाइन्छ (५.२) र राई (८.३) मुस्लिम । त्यसतै तेली समुदायमा पुरुषको औसत (७.३) राम/हरिजन/र चमार (३.३) महिलाभन्दा अलि बढी छ। माझी समुदायमा महिलाको औसत पुरुषभन्दा थोरै अगाडि छ। यो डेट (१.३)समग्रमा, थारु समुदाय सबैभन्दा उच्च स्थानमा छ भने राई समुदाय सबैभन्दा कम औसत सहित रहेको छ ।यहाँ भाषिक र धार्मिक रुपले खास गरि मैथली, उर्दु, थारु, दनुवार, नेपाली, भोजपुरी, आदी भाषा बोलिन्छन् । भने हिन्दू, इसलाम, बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् र उनीहरुले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, ईदजस्ता चाडपर्वहरु मान्ने

गर्दछन् । यस पालिकाभित्र रहेका बहु विशेषताहरु बीचमा एकीकरण भएको अवस्था रहेकोले अनेकता बीच एकता कायम भएको छ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह–अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम रहेको पालिकाको रुमा विख्यात रहेको छ ।

**ख) आर्थिक गतिविधिहरु**

नेपाल कम आय भएको मुलुक भित्र पर्दछ र नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन चन्द्रपुर नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई विभिन्न कार्यक्रम द्धरा अगाडि बढाएको छ । जस्मा खाद मल, विउविजन, माटो परिक्षण उदाहरणको रुपमा लिन सकिन्छ । यो पालिकामा भरपुर उबजाउ कृषी योगय भुमि र सिँचाईको व्यवस्था गरेको छ । प्रमुख सिँचाईको स्रोतको रुपमा बागमती सिँचाई योजना रहेको छ भने केही क्षेत्रमां डिप-बोरिनबाट सिँचाई गर्ने गरिन्छ । यँहाको किसानहरु विशेषगरी धान, मकै, गहु र केही मात्रमा कोदो लगाउने गर्द छ । यो नगरपालिका रौतहटकै प्राकृतिक सम्पदाको हिसावले सवै भन्दा धनी रहेको छ । यँहा चाँदी नदि, जरुवा खोला धनसर जस्ता प्रमुख नदिहरु रहेका छन भने ठूलो सामुदायिक जगंल पनि रहेका छन् । जसवाट किसानलाई, घासँ दाउराको लागि सहयोग पुगेको छ । ,यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड–१९ ले समग्र आर्थिक क्षेत्रमा अहिलेसम्म पनि नकारात्मक प्रभाव पारेको छ ।

**ग) भौगोलिक तथा जनसाङ्ख्यिक**

चन्द्रपुर नगरपालिकाको कूल क्षेत्रफल २४९.९६ वर्ग किलोमिटर छ । यो नगरपालिका रौतहट जिल्लाको उत्तरी भेगमा पर्ने नगरपालिका हो । यो नगरपालिका को पश्चिममा चन्द्रपुर नगरपालिका, दक्षिणमा बृदावन र चन्द्रपुर नगरपालिका, उत्तरमा मकवानपुर नगरपालिका र पुर्वमा सर्लाही जिल्ला पर्दछ । यसलाई प्रशासनिक रुपमा १० वटा वडाहरुमा विभाजन गरीएको छ । यस नगरपालिका को केन्द्र सबै वडाहरुलाई सुगम हुनेगरी चन्द्रपुर बजारमा अवस्थित छ ।यो नगरपालिका भु–भागहरु खेतियोग्य र समथर छन्। चन्द्रपुर नगरपालिकाको वि.सं. २०७८ को जंनगणनाको नतिजा अनुरुप घर संख्या १६८२० जसमा महिला जनसंख्या ४१५०३ (५०.७ प्रतिशत) र पुरुषको जनसंख्या ४०३०४ (४९.३ प्रतिशत) गरी जम्मा जनसंख्या ८१८०७ रहेको छ ।यस नगरपालिकाको क्षेत्रफल २४९.९६ वर्ग किलो मिटररहेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरपालिकाको कामकाज सञ्चलान भई आइरहेको छ । यो नगरपालिकाका केही वडाहरु चुरे भित्र पर्ने भएकोले त्यहाको हावा पानी चिसो रहेको छ । त्यसै गरि नगरपालिका, भित्र इटा कारखाना तथा चामल मील, फलाम लगायतका उद्योगहरु सञ्चालनमा रहेका छन् ।

अर्को तर्फ जति अरु भन्दा समृद्ध नरपालिका छ त्यति नै यँहा चुरे दोहनको कारणले बाढि पहिरोको खतरा उतिकै छ र बाकलो जँगल झाडी भएकोले जंलगि जनावारको आक्रमण र केहि रोग व्याधिहरुको जोखिम पनि यो पालिकामा उतिकै रहेको छ ।

जनसंख्याको बिवरण

| लिगं | संख्या | प्रतिशत |
|---|---|---|
| पूरुष | ४०३०४ | ५०.७ |
| महिला | ४१५०३ | ४९.३ |

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

यस नगरपालिकाको उमेर समूह जनसंख्याकीय बनोट अवस्था

| बर्ष | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ००-०४ बर्ष | ७२७७ | ३७८४ | ३४९३ |
| ०५-०९ बर्ष | ८११० | ४१६८ | ३९४२ |
| १०-१४ बर्ष | ८०७० | ४०५० | ४०२० |
| १५-१९ बर्ष | ८१९१ | ४१३५ | ४०५६ |
| २०-२४ बर्ष | ७७६५ | ३६२९ | ४१३६ |
| २५-२९ बर्ष | ६९५१ | ३१६६ | ३७८५ |
| ३०-३४ बर्ष | ५९६८ | २७७० | ३१९८ |
| ३५-३९ बर्ष | ५७५७ | २७८० | २९७७ |
| ४०-४४ बर्ष | ५०२५ | २४८१ | २५४४ |
| ४५-४९ बर्ष | ४०५२ | २०१२ | २०४० |
| ५०-५४ बर्ष | ३९७९ | १९९४ | १९८५ |
| ५५-५९ बर्ष | २९०५ | १४५८ | १४४७ |
| ६०-६४ बर्ष | २५०० | १२६५ | १२३५ |
| ६५-६९ बर्ष | १९६२ | ९८० | ९८२ |
| ७०-७४ बर्ष | १६३४ | ८१८ | ८१६ |
| ७५-७९ बर्ष | ९८२ | ४९३ | ४८९ |
| ८०-८४ बर्ष | ३५७ | १८२ | १७५ |
| ८५-८९ बर्ष | २०६ | ९६ | ११० |
| ९०-९४ बर्ष | ६३ | २७ | ३६ |
| ९५+ बर्ष | ५३ | १६ | ३७ |
| जम्मा | ८१८०७ | ४०३०४ | ४१५०३ |

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

यस नगरपालिकाको जातिजाती जनसंख्याकीय बनोट अवस्था

| जातजाती | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | ६५६४ | ८.०२ |
| ब्राह्मण - पहाड | ८३२८ | १०.१८ |
| मगर | ४०७० | ४.९८ |
| थारु | १२६९९ | १५.५२ |
| तामाङ | ८३८१ | १०.२४ |
| नेवा : (नेवार) | १४८८ | १.८२ |
| विश्वकर्मा | १९०७ | २.३३ |
| मुस्लिम | ३११७ | ३.८१ |
| यादव | २०३८ | २.४९ |

| | | |
|---|---|---|
| राई | २०४८ | २.५० |
| गुरुङ | ३४३ | ०.४२ |
| परियार | ६०४ | ०.७४ |
| ठकुरी | ६६ | ०.०८ |
| याक्थुङ/लिम्बु | २३ | ०.०३ |
| मिजार | १२९ | ०.१६ |
| तेली | २६९६ | ३.३० |
| चमार/हरिजन/राम | २९९९ | ३.६७ |
| कोइरी/कुशवाहा | ८३७ | १.०२ |
| मुसहर | १४३२ | १.७५ |
| कुर्मी | ७६८ | ०.९४ |
| सन्यासी/दशनामी | ४८५ | ०.५९ |
| धानुक | १५२ | ०.१९ |
| दुसध/पासावन/पसी | १५११ | १.८५ |
| मल्लह | १३७१ | १.६८ |
| केवट | ३७ | ०.०५ |
| कथाबनिया | ६७९ | ०.८३ |
| ब्राह्मण - तराई | १३७८ | १.६८ |
| कलवार | १७३३ | २.१२ |
| कानु | १८६५ | २.२८ |
| कुमल | ५० | ०.०६ |
| घर्ती/भुजेल | १४२ | ०.१७ |
| हजम/ठाकुर | ८२५ | १.०१ |
| शेर्पा | ११ | ०.०१ |
| धोबी | ४४३ | ०.५४ |
| तत्मा | १०१२ | १.२४ |
| लोहार | ६१८ | ०.७६ |
| खद्वे | १३ | ०.०२ |
| सुनदी | ८१ | ०.१० |
| दनुवार | १०९९ | १.३४ |
| माझी | २५१८ | ३.०८ |
| बाराई | ५७ | ०.०७ |
| बिन | १००९ | १.२३ |
| नुनिया | ६८४ | ०.८४ |
| सोनार | ७५८ | ०.९३ |
| कुम्हार | ६९५ | ०.८५ |
| सुनुवार | २४ | ०.०३ |
| कहार | ४१ | ०.०५ |
| कायस्थ | ५९ | ०.०७ |
| राजपूत | २१० | ०.२६ |
| बधाइ/बधे | १६ | ०.०२ |
| थामी | १९ | ०.०२ |
| गदेरी/भेडियार | २८ | ०.०३ |

| | | |
|---|---|---|
| माली | ७१ | ०.०९ |
| धुनिया | १३७ | ०.१७ |
| पहारी | २६७ | ०.३३ |
| डोम | ४७ | ०.०६ |
| भूमिहार | ५१ | ०.०६ |
| रौनियार | ४१६ | ०.५१ |
| बनियान | ३५८ | ०.४४ |
| अरू | ९८ | ०.१२ |
| विदेशी | २०२ | ०.२५ |

**यस नगरपालिकाको दलित र जनजाती जनसंख्याकीय बनोट अवस्था**

| जम्मा जनसङ्ख्या | | | दलित | | | | जनजाती | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा जनसङ्ख्या | पूरुष | महिला | जम्मा | पूरष | महिला | प्रतिशत | जम्मा | पूरष | महिला | प्रतिशत |
| ८१८०७ | ४०३०४ | ४१५०३ | ८६५७ | ४२६२ | ४३९५ | १०.५८ | ३२६८० | १५८५४ | १६८२६ | ३९.९५ |

## घ) बजार र पर्यटन

यो नगरपालिकाको प्रमूख बजार चन्द्रपुर बजार हो भने पर्यटनको हिसावले नुनथर एक प्रख्यात ठाउँ रहेको छ । जुन ठाँउ धार्मिक अस्था बोकेको एक प्राकृतिक रपले पनि धनि पर्यटकिय स्थान हो । यस स्थानमा विभिन्न समयमा पूजा-आजा गर्ने र बनभोजका लागि रौतहट मात्र होइन कि नजिकको जिल्ला बारा र सर्लाहीबाट पनि आउने गर्दछ ।

## ङ. पूर्वाधार र विकास

यो नगरपालिका रौतहटको अरु नगरपालिकाको भन्दा समृद्ध छ । यो नगरपालिका भित्र नेपाल सडक संजाल जोडने पूर्व पक्षिम महेन्द्र राजमार्ग र जिल्लाको सदरमोकाम जोडने विरेन्द्र राजमार्ग रहेको छ । यहा विशेष गरि विभिन्न वडागत स्वास्थय संस्थाहरु रहे ता पनि केहि सँघन उपचारका लागि चन्दपुर बजारमा सरकारी तथा संस्थागत स्वास्थ सस्थाहरु स्वास्थ सेवाहरु दिरहेको छ । हाते धारा र खानेपानी आयोजनाहरु निर्माण गरि नगरबासिलाई शुद्ध खानेपानी पुर्याई रहेको छ । यो नगरपालिकाको हरेक वडा विधुतको संजालमा जोडिसकेका छन् भने केहि सूर्य उरजाको रुपमा सोलार पनि प्रयोग केहि घरधुरीले गर्ने गरेको छ । यो पालिका पूर्व पक्षिचम फैलिएको महेन्द्र राजमार्गसँग जोडिएकोले हुलाक सेवा ईकाहरुमा छन् भने सवै जन्तामा पत्रपत्रिका र इन्टनेट सेवाको पहुच अधिकत्म घरधुरीमा रहेको छ । नगरवासिहरुको वित्य पहुच पनि राम्रै रहेको छ । चन्द्रपुर बजारमा १० वटा भन्दा वढि वाणिज्य वैकहरु र सहकारी र अन्य वित्य कारोवार गर्न संस्थाहरु रहेका छन् ।

## च) चन्द्रपुर नगरपालिकाको शैक्षिक अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एक वर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन् । ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ । नेपालमा निजी स्तरबाट सञ्चालन भएका सःशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणालीमा नै शिक्षाका गतिविधिहरु सञ्चालनमा आएका छन् । ई.सि.ई.डी ६४, समुदायिक १-५ कक्षा २२ वटा कक्षा १-८ सम्मा १२ वटा, ९-१० कक्षामा ६ वटा विधालय गरि जम्मा ४६ वटा रहेको छ। अधारभुत विधालय, माध्यामिक विधालय संस्थागत विद्यालय तर्फ २९ बिधालयहरु १ देखी १२ कक्षासम्म संचालन

रहेको छ। जम्मा साक्षर प्रतिशत ७०.९ प्रतिशत रहेको मा महिला ६३.७ प्रतिशत र ७८.३ प्रतिशत पूरुष नागरीक रहेको छ।
यस खण्डमा चन्द्रपुर नगरपालिका को संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन बारे चर्चा गरीएको छ ।

## छ) नीतिगत प्रवन्ध

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकारहरु प्रदान गरे अनुरुप चन्द्रपुर नगरपालिका ले विधालय शिक्षा क्षेत्रको नगर शिक्षा योजना र शिक्षा पार्श्वचित्र निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

## ज) बिधालय सङ्ख्या

| क्र.स. | 1) कक्षागत रुपमा सन्चालित बिद्यालयहरुको बिबरण (Schools Running by Grades) | ईसिईडी | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ | अन्य |
|---|---|---|---|---|---|---|---|
| 1 | कक्षागत र तहगत जम्मा बिद्यालय सङ्ख्या (सबै प्रकारका) | ७५ | २१ | १३ | १३ | ७ | |
| 2 | कक्षागत र तहगत सबै प्रंकारका समुदायिक जम्मा बिद्यालय सङ्ख्या | ६४ | २२ | १२ | ६ | ६ | |
| 3 | जम्मा समुदायिक बिद्यालयमध्ये अनुमति प्राप्त कक्षाग र तहगत बिद्यालय सङ्ख्या (शुन्य दरबन्दी भएका) | | १ | ० | २ | ० | |
| 4 | जम्मा सामुदयिक बिद्यालयमध्ये बिशेष बिद्यालयहरुको सङ्ख्या (बिभिन्न अपाङ्गताका भएका बालबालिकाका लागि) | ० | ० | ० | ० | २ | |
| 5 | जम्मा सामुदयिक बिद्यालयमध्ये धार्मिक बिद्यालयहरुको सङ्ख्या | | २ | | | | |
| 6 | सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | | | | | | ३ |

## झ) बिधार्थी सङ्ख्या

| क्र.स. | बिद्यार्थी बिबरण (Stusents details) | ईसिईडी | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| १ | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ९३४ | ९३० | १८६४ | ४२६९ | ३८७९ | ८१४८ | १८९७ | १८६० | ३७५७ | १२५० | १३३४ | २५८४ | ७१२ | ७४२ | १४५४ |
| २ | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ९३४ | ९३० | १८६४ | ४२६९ | ३८७९ | ८१४८ | १८९७ | १८६० | ३७५७ | १२५० | १३३४ | २५८४ | ७१२ | ७४२ | १४५४ |
| ३ | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | २६४ | २५७ | ५२१ | १११४ | १०१८ | २१३२ | २४७ | ३०७ | ५५४ | १४१ | १२६ | २६७ | ६१ | ६७ | १२८ |
| ४ | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | २६४ | २५७ | ५२१ | १११४ | १०१८ | २१३२ | २४७ | ३०७ | ५५४ | १४१ | १२६ | २६७ | ६१ | ६७ | १२८ |
| ५ | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ० | १ | १ | ९ | १३ | २२ | ४ | ४ | ८ | ४ | ६ | १० | २ | १ | ३ |
| ६ | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ० | १ | १ | ९ | १३ | २२ | ४ | ४ | ८ | ४ | ६ | १० | २ | १ | ३ |
| ७ | सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ३६८ | ३६३ | ७३१ | १५६३ | १४२१ | २९८४ | ७९३ | ७१६ | १५०९ | ५५७ | ५३६ | १०९३ | ३६७ | ३३६ | ७०३ |
| ८ | सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ३६८ | ३६३ | ७३१ | १५६३ | १४२१ | २९८४ | ७९३ | ७१६ | १५०९ | ५५७ | ५३६ | १०९३ | ३६७ | ३३६ | ७०३ |

स्रोतः शिक्षा शाखा, EMIS, टुलकिट २०८१

## ञ) तहगत शिक्षक सङ्ख्या

| विद्यालय प्रकार अनुसार तहगत शिक्षक विवरण (Number of Teachers by Levels and Types) | ईसिईडी | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| सबै प्रकारका विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ७५ | ० | ७५ | ११८ | ११५ | २२० | १७ | ३१ | ४२ | १० | ४० | ४६ | १ | १० | ११ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ६४ | ० | ६४ | ११८ | ११५ | २३३ | १७ | ३१ | ४८ | १० | ४० | ५० | १ | १० | ११ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ६४ | ० | ६४ | ११५ | १०५ | २२० | १२ | ३० | ४२ | ८ | ३८ | ४६ | १ | १० | ११ |

## ट) तहगत शिक्षक विधार्थी अनुपात र महिला शिक्षक

| आर्थिक बर्ष | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
|---|---|---|---|---|---|---|---|---|---|
| **सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगत रूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR)** | | | | | | | | | |
| वालविकास तथा पूर्व प्र.वि.मा (ECED) | २९ | २६ | २४ | २१ | १९ | १७ | १५ | १४ | १२ |
| आधारभूततह (कक्षा १-५) | ३७ | ३९ | ४१ | ४४ | ४६ | ४९ | ५१ | ५४ | ५७ |
| आधारभूततह (कक्षा ६-८) | ८९ | ९२ | ९४ | ९७ | ९९ | १०२ | १०४ | १०७ | ११० |
| माध्यमिकतह (कक्षा ९-१०) | ५६ | ६१ | ६७ | ७३ | ७९ | ८६ | ९४ | १०२ | १११ |
| माध्यमिकतह (कक्षा ११-१२) | १३२ | ११९ | १०७ | ९७ | ८७ | ७९ | ७१ | ६४ | ५८ |
| आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | ५३.६ | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | ४०.५ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ |
| आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | ५१.५ | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५२ | ५३ | ५३ |
| माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | २१.७ | २२ | २३ | २४ | २५ | २५ | २६ | २७ | २८ |
| माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | ९.१ | ९ | ९ | ९ | ९ | १० | १० | १० | १० |
| माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १९.३ | २० | २० | २१ | २२ | २२ | २३ | २४ | २४ |

स्रोतः शिक्षा शाखा, EMIS, टुलकिट २०८१

## ठ) शैक्षिक उपलब्धि तथा अन्तर

चन्द्रपुर नगरपालिकाको प्रारम्भिक बाल्यकाल शिक्षा (ECED) मा भर्ना दर र लैङ्गिक समानताको सूचकांकमा केही महत्त्वपूर्ण परिवर्तनहरू देखिन्छन् । आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्म चार वर्षका बालबालिकाको खुद भर्ना दर (NER) क्रमशः ६७.२% बाट ७०.२४% सम्म बढेको देखिए पनि २०८१/८२ मा यो तीव्र रूपमा घटेर ४६.२% मा झरेको छ। त्यस्तै, सामान्य भर्ना दर (GER) मा २०७८/७९ मा २५९.८% को उच्च वृद्धि भए पनि २०८१/८२ मा यो ५७.९% मा झरेको छ। लैङ्गिक समानताको सूचकांक (GPI) मा सामान्य भर्ना दरको आधारमा २०७७/७८ देखि २०८०/८१ सम्म ०.९ मा स्थिरता देखिए पनि २०८१/८२ मा सुधार भई १.०८ पुगेको छ। खुद भर्ना दरको आधारमा GPI १.० बाट १.१७ मा पुगेको छ, जसले बालिका शिक्षामा क्रमिक सुधारको सङ्केत गर्दछ। दलित बालबालिकाको भर्ना प्रतिशत २०८०/८१ सम्म शून्य रहे पनि २०८१/८२ मा २७.९५% मा पुगेको छ, जुन सकारात्मक प्रगति हो। यद्यपि, अपाङ्गता भएका बालबालिकाको भर्ना दर ०.०५% मा सीमित रहेको देखिन्छ।

कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको ECED अनुभवका आधारमा भर्ना दरमा सुधार देखिन्छ। ECED अनुभव लिएका बालबालिकाको प्रतिशत २०७७/७८ मा ७२.८% बाट २०८०/८१ मा ८५.४% सम्म पुगेको छ। छात्राहरूको सहभागिता यस अवधिमा छात्रहरूको तुलनामा उच्च देखिएको छ। तर, २०८१/८२ को तथ्याङ्कमा ECED अनुभव लिएका बालबालिकाको प्रतिशत शून्य र अनुभव नलिएका बालबालिकाको प्रतिशत १००% देखाइएकोले डेटाको असमानता वा त्रुटि रहेको सङ्केत गर्दछ। आधारभूत तह (कक्षा १–५) मा सहज भर्ना दर (GER) २०७७/७८ मा १३४.६% बाट २०७८/७९ मा १९५.६% पुगेको थियो, तर २०८१/८२ मा घटेर ९८% मा आएको छ। खुद भर्ना दर (NER) मा पनि प्रारम्भिक सुधार भए पनि २०८१/८२ मा गिरावट देखिएको छ। कक्षा ६–८ मा पनि GER र NER दुवैमा सुधारको प्रवृत्ति २०७८/७९ पछि उल्टिएको छ। २०८१/८२ मा GER ७२.९% र NER ६६.४% मा झरेको छ, जुन चिन्ताजनक छ।

कक्षा १ का विद्यार्थीहरूको कक्षा ८ र १० सम्मको टिकाउ दरमा पनि सुधार भए पनि २०८१/८२ मा तीव्र गिरावट देखिन्छ। कक्षा ८ सम्मको टिकाउ दर २०७७/७८ मा ७१.४% बाट २०८०/८१ मा ८४.६% सम्म पुगेको थियो, तर २०८१/८२ मा यो ३४.८% मा झरेको छ। यस्तै, कक्षा १० सम्मको टिकाउ दर २०७७/७८ मा ६४.२% बाट २०८०/८१ मा ६८.६% सम्म पुगेकोमा २०८१/८२ मा २७% मा घटेको छ। विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) मा पनि प्रारम्भिक सुधार भए पनि २०८१/८२ मा आधारभूत तहमा १५.५% र माध्यमिक तहमा ४४.९% मा पुगेको छ। यसले शिक्षा प्रणालीमा संरचनागत समस्या रहेको संकेत गर्दछ। विशेष गरी छात्रहरूको भर्ना दर, टिकाउ दर, र पहुँचमा देखिएको गिरावटलाई सम्बोधन गर्न नीतिगत सुधार, पुनःभर्ना अभियान, र समावेशी शिक्षा सुनिश्चित गर्न पहल गर्न जरुरी छ। छात्रा र छात्र दुवैका लागि सन्तुलित सहभागिता र शिक्षामा लैङ्गिक समानता कायम गर्न विशेष नीति तथा रणनीतिहरू आवश्यक छन्।

चन्द्रपुर नगरपालिकाको शिक्षा योजनाको निर्माण, अनुगमन र प्रतिवेदन प्रणालीको क्षमता र संयन्त्र विकास गर्ने, शिक्षकहरूको सक्षमता विकास गर्ने, पाठ्यक्रम अनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक र व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडेर सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाउँदै शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरहरू बढाउने र विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबीच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइलाई सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने, र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखिएको अन्तरलाई घटाउने जस्ता प्रमुख चुनौतीहरू चन्द्रपुरको स्थानीय तहमा रहेका छन्।

## ड) विधालय क्षेत्र विकास योजान कार्यान्वयन

विद्यालय क्षेत्र विकास योजना(२०८१–२०९१)ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारेसँगै सो योजनालाई सहयोग पुर्याउने हेतुले चन्द्रपुर नगरपालिकाले ECED , आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदम चालेता पनि अझै कक्षा १ देखि १२ को टिकाउ र उतीर्ण दर बढेको छैन भने कक्षा दोहोर्याउने र छोड्ने दरमा सन्तुलन हुन सकेका छैन । त्यसतै जीवन पर्यन्त सिकाइका अवसरहरू बढाउने, गुणस्तर सुनिशिचत, प्रविधिमा अधारित शिक्षण सिकाईलाई सवैको समान पहुचमा पुर्याउने गरि नितिगत योजनाको रुपमा विधालय क्षेत्र विकास योजनाको आवशयकता महसुस भई निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाइको छ ।

## १.३.विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरु

चन्द्रपुर नगरपालिका को समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन–

- प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक मैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- प्रारम्भिक बालविकासमा मापदण्ड अनुसारको उमेर समूहको बालबालिको पहुच पुर्याउनु ।
- अधारभुत तहमा स्थानिय पाठ्यक्रम निर्माण गरि पठनपाठन गर्नु ।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुर्याउनु ।
- जोखिम रहित भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील बनाउनु ।
- प्रकोप, संकट, महामारीलगायतका परिस्थितिमा शिक्षण शिकाईको निरन्तरताको लगि योजना निर्मान तथा पुर्व त्यारि ।
- विपदीबाट हुन सक्ने सम्भावित जोखिमको न्यूनिकरणका लागि शिक्षा समूह गठन र प्रतिकार्य योजना पुन्ररावलोकन तथा प्रभावकारी कार्यन्वयन ।
- आधारभूत तहको शिक्षांलाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरीं विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु
- विद्यालयहरुमा तहतग अनुसार विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्नु ।
- गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गपता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना, निरन्तरता र सिकाइमा सहभागी हुने अवसर प्रदान गर्दै उपलब्धि सुधारमा सहयोग गर्ने छात्रवृत्ति र सहायता व्यवस्थापन।
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न विधालय स्तरिय दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता आदि प्रवर्द्धन गर्नु । विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

- सामुदायिक विद्यालयको सिकाइप्रति अभिभावको आकर्षण तथा विश्वास कायम गर्ने ।
- धार्मिक तथा संस्थागत विद्यालहरुको व्यवस्थापन गर्न नसक्नु ।
- विधालयमा शुसासन र पारदर्शिता कमि हुनु ।
- विद्यालय बाहिर रहेको बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन ।
- औनोपचारिक शिक्षालाई व्यवस्थित गर्न सामुदायिक सिकाई केन्द्रको विकास र व्यवस्थापन
- राष्ट्रिय सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वियन ।

## १.४. शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

- विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने ।
- आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ।
- विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले, यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि बिधालयलाई समायोजन गर्न सकिने ।
- स्थानिय सरकार र विकास साझेदारहरु बिच प्रभावकारी समन्वय, सहयोगको वतावरण रहेको ।

## १.५. पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआत स्थानिय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन परिमार्जित तथा अधावधिक संस्करण २०८१ अनुसार यस चन्द्रपुर नगपरपालिकाले योजना तर्जुमा समिति तथा शिक्षा योजना लेखनका लागि मस्यौदा लेखन कार्यसमितिको गठन सहभागितामुलक प्रक्रियाबाट मस्यौदा लेख्न कार्यलाई अगाडी बढाएको थियो । सो कार्यलाई प्रभावकारी बनाउन UNICEF को सहयोगमा र People Promote Center, को सहकार्य शिक्षा विज्ञद्धरा कार्यक्षमता वृद्धिकालागि तालिम संचालनग गरिएको थियो सो पशचात, People Promote Center र USAID Early Grade Learning प्रतिनिधिहरुको प्राविधिक सहयोगमा विभिन्न सरोकारवलाहरुसँग सहकार्य गरि प्रधानाध्यापक लगायत शिक्षासँग सम्वन्धित सरोकारवलाहरुसँग नियमित विचार विमर्श, शिक्षासँग सम्वन्धित ऐन, कानुन, निति, नियम, अवधरणालाई समिक्षा गरि दस्तावेजीकरण गरिएको थियो । सो दस्तावेजहरुको अध्ययन विशलेषण पशचात योजनाक मस्यौदा त्यार पारिएको थियो। सो मस्यौदाले समेटेकोयोजनाहरुको लेखाजोखा गरि मस्यौदा लेख्न कार्यसमितिले द्धरा यो नगर शिक्षा योजना त्यार गरिएको छ ।

# परिच्छेद दुई

## दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीतितथा लक्ष्य/गन्तव्य

### २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको चन्द्रपुर नगरपालिकाको पालिका स्तरिय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरुले चन्द्रपुर नगरपालिकाको विधालय शिक्षाको अगामि १० वर्षेको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा नि:शुल्क शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा राष्ट्रिय शैक्षिक लक्ष्य नेपालले वियोजनाको दगरी यस परिच्छेदमा उपलब्धिहरूलाई समेटेने .सं . दीर्घकालीन सोच (Vision), लक्ष्य (Mission),उद्देश्यहरू ( Objectives),रणनीतिहरू(Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

### २.२ दीर्घकालीन सोच (Vision)

"चन्द्रपुर नगरपालिका का विद्यालयहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक मानव स्रोत र साधनको व्यवस्थापन, विद्यालय पूर्वाधार मापदण्ड अनुसार भौतिक संरचनाको व्यवस्थापन गर्दै सुरक्षित, भयरहित, विभेदरहित, बालमैत्री र सिकाइमैत्री वातावरण सिर्जना गरी अनिवार्य र निःशुल्क शिक्षा प्रदान गरेर योग्य नागरिक उत्पादन गर्ने"।

### २.३ लक्ष्य (Mission)

"चन्द्रपुर नगरपालिकाले अगामी ५ वर्ष भित्र प्राविधिमा अधारित गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गरि समयानुकुलको सक्षम नागरिक तयार गरिनेः ।

### २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चिल गर्दै गुणस्तर अभिवृद्धि गरि शैक्षिक शुसान प्रवर्द्धन गरिने ।
३. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।
४. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।
५. १.५ किलो मिटर भित्रका विधालयहरु ३ कक्षा माथिकालाई थप व्यवस्थापनका लागि मर्ज गरिने ।
६. कक्षा १ देखि ३ सम्म कक्षासम्मका लाई सकभर जन्ता नजिक गाँउ, घरमा पुर्याउने ।
७. बालमैत्रि सिकाई, भय तथा हिंसा रहित वातावरण तयार गरि सवै बालवालिका कुनै अवरोध विना गुणस्तरिय शिक्षा प्रदान गरिने ।
८. शिक्षकको पेशागत विकासका लागि तालिम र कार्यशालाको आयोजना गरिने ।
९. विधाललाई प्रविधि मैत्री तथा सवै किसिमको जोखिम रहित वनाइने ।

१०. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै भर्ना र कक्षामा टिकाउनका लागि थप प्रोतसाहनको कार्यक्रम संचालनग गरिने छ ।

११. साक्षर पालिका घोषणाका लागि अनौपचारिक शिक्षामा जोड दिदै सामुदायिक शिक्षा केन्द्रहरुलाई प्रविधि मैत्री वनाई प्रभावकारी कार्यान्वयन गर्ने ।

१२. सिमान्तकृत तथा विपन्न परिवारका विधार्थिहरुलाई कक्षामा टिकाउन छात्रावृती थप व्यवस्थित गरिने।

१३. प्राविधिक शिक्षालाई प्रथमिकतामा राखी अगाडी बढाउने । विधालय शिक्षा क्षेत्रको अनुगमणका लागि ठोस संयन्त्र बनाई प्रभावकारी रुपमा अगाडि बढाउने ।

१४. विधालय शिक्षा क्षेत्रको अनुगमणका लागि ठोस संयन्त्र बनाई प्रभावकारी रुपमा अगाडि भढाउने ।

## २.५ रणनीतिहरू ( Strategies)

१. संघीयं तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा नगरपालिकाको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन्।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा नगरपालिकाले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय्र सरकार र प्रदेश सरकारसँग समन्वय तथा सहजिकारण गरि प्रारम्भिक बालविकासलाई नितिगत मापंदणड अनुसारको संञ्चालन तथा व्यवस्थापन गर्ने छ ।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न नगरपालिकाले संघ र प्रदेश सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

६. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

७. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यंवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

८. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै विभिन्नप्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी नगरपालिकाले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिकाबाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि नगरपालिकाले संघ र प्रदेश सरकार बिच समन्वय गरि उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने छ ।

१०. प्रभावकारी अनुगमन संयन्त्रको विकास गरि विद्यालय शिक्षा क्षेत्रमा उत्तरदायित्व तथा संस्थागत सवलिकरण गर्ने ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०८६) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. अनिवार्य तथा निशुल्क शिक्षमा सिमान्तकृत समुदायको पहुच पुगी वालवालिकाहरु निरन्तर शिक्षमा समावेश भएको हुने ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

३. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

४. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने ।

५. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।

६. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलब्धि हासिल हुने ।

७. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधि सम्बन्धी तथा गणितीय लगायतका सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध ,रोजगार उन्मुख हुने ।

८. सक्षम र अभिप्रेरित शिक्षक द्वारा सिकारु केन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने ।

९. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने ।

१०. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्यतथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .

११. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

१२. सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पुरा भई,बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।

१३. शिक्षण प्रक्रियालाई थप व्यवस्थित गर्नाका लागि पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

## २.७. अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

चन्द्रपुर नगरपालिका नगरपालिका को १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४–२०३४) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छ

तालिका न. २.१ मुख्य कार्य सम्पादक सूचक तथा लक्ष्य

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचक को स्रोत | तथ्यौंक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ५७.९ | ५७.९ | ६१.९ | ६६.३ | ७१ | ७६.१ | | |
| | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | ६५.१ | ६५.१ | ६९.७ | ७४.७ | ७९.९ | ८५.६ | | |
| | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | स्थानीय | १. | १. | १. | १. | १. | १. | | |
| | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | स्थानीय | १.१ | १.१ | १.१ | १. | १. | १. | | |
| | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | स्थानीय | २८. | २८. | ३२.८ | ३८.४ | ४५.१ | ५२.९ | | |
| | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | स्थानीय | २१.१ | २१.१ | ३.१ | ०.५ | ०.१ | ०. | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | १३०.८ | १३०.८ | १३२.८ | १३४.८ | १३६.९ | १३९ | | |
| | २. आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ६२ | ६५.८ | ६९.९ | ७४.२ | ७८.७ | ८३.६ | | |

| क.स. | सूचक | सूचकहरुको तहको | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचक को स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ९४.१ | ९४.८ | ९५.५ | ९६.१ | ९६.८ | ९७.५ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ७९.९ | ८२.१ | ८४.४ | ८६.७ | ८९.२ | ९१.६ | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ९८ | ५.५ | ०.३ | ० | ० | ० | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ७९.९ | ७९.९ | ८२.१ | ८४.४ | ८६.७ | ८९.२ | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ९८. | ९८. | ५.५ | ०.३ | ०. | ०. | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ५७ | ५८.४ | ५९.९ | ६१.५ | ६३ | ६४.६ | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ३८ | ३९.१ | ४०.३ | ४१.५ | ४२.८ | ४४.१ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १३.७ | १२.३ | १०.८ | ९.२ | ७.६ | ५.८ | | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.१ | १.१ | १.१ | १.१ | १.१ | १ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९३.९ | ९४.६ | ९५.३ | ९६ | ९६.८ | ९७.५ | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ८८.४ | ८९.७ | ९१.१ | ९२.४ | ९३.८ | ९५.२ | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ३४.८ | ३५.८ | ३६.९ | ३८ | ३९.२ | ४०.३ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ३५.४ | ३६.५ | ३७.७ | ३८.९ | ४०.१ | ४१.४ | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचक को स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.१ | १.१ | १.१ | १.१ | १.१ | १ | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालवालिकाको सङ्ख्या (%) | स्थानीय | | | | | | | | |
| | | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | | | |
| २.१९ | विद्यालय वाहिर रहेका वालवालिका १-८ कक्षा भन्दा वाहिर (%) | स्थानीय | १४.९ | १४.९ | १३.१ | ११.२ | ९.४ | ७.५ | | |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ५१.५ | ५१.५ | ५१.७ | ५१.८ | ५२. | ५२.१ | | |
| | | ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | १६.५ | २०.६ | २५.८ | ३२.३ | ४०.५ | ५०.७ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ४२.१ | ४६.९ | ५२.२ | ५८.२ | ६४.८ | ७२.२ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | ०.९ | ०.९ | ०.९ | ०.९ | १ | १ | | |
| ३.४ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of Grade 10) | स्थानीय | ३५.५ | ३६.७ | ३८ | ३९.३ | ४०.७ | ४२.१ | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ३४.८ | ३६ | ३७.२ | ३८.५ | ३९.८ | ४१.२ | | |
| ३.६ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा | स्थानीय | ३२.६ | ३३.६ | ३४.७ | ३५.८ | ३६.९ | ३८.१ | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचक को स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:- G1-10) | | | | | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ९.१ | ९.२ | ९.३ | ९.४ | ९.५ | ९.६ | | |
| | | ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६७ | | | | | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६७ | | | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ८१.४ | | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | | | | | | | |
| | | ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय | स्थानीय | | | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति * (वार्षिक सङ्ख्या) | स्थानीय छात्रा | | | | | | | | |
| | | छात्र | | | | | | | | |
| | | छात्र | | | | | | | | |
| | | छात्र | | | | | | | | |
| | | | ६. | सुशासन तथा व्यवस्थापन | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ३७ | ३७ | ३९.१ | ४१.३ | ४३.६ | ४६.१ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ८९.५ | ८९.५ | ९१.८ | ९४.२ | ९६.६ | ९९.१ | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचक को स्रोत | तथ्याङ्क को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ५६.२ | ५६.२ | ६१.२ | ६६.६ | ७२.५ | ७९ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ११-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १३२.२ | १३२.२ | ११९.२ | १०७.४ | ९६.९ | ८७.३ | | |
| | | | ७. | शिक्षामा लगानी | | | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | स्थानीय | | | | | | | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | स्थानीय | | | | | | | | |

# परिच्छेद ३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूको विश्लेषण गर्दा पाँच वटा मुख्य शीर्षकका आधारमा वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी विश्लेषण गरिन्छ। यसमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, र प्राविधिक तथा उच्च शिक्षा जस्ता उपक्षेत्रहरूको विस्तृत समीक्षा गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षामा बालबालिकाको सर्वांगीण विकास र गुणस्तरीय शिक्षाको पहुँच विस्तारका प्रयासहरूको चर्चा गरिएको छ । त्यसतै आधारभूत शिक्षामा सबैका लागि शिक्षाको समान पहुँच, समावेशिता, र गुणस्तर सुधारका विषयलाई प्राथमिकता दिइन्छ। माध्यमिक शिक्षामा गुणस्तरीय शिक्षा, सीपमूलक शिक्षाको प्रवर्द्धन, र विद्यार्थीहरूको क्षमता अभिवृद्धिमा केन्द्रित रणनीतिहरूको विश्लेषण गरिएको छ । अनौपचारिंक शिक्षा र आजीवन सिकाइमा समाजका सबै तह र तप्कामा शिक्षा पहुँच पुर्याउने प्रयासका उपलब्धि र चुनौतीहरूको समीक्षा गरिएको छ । प्राविधिक तथा उच्च शिक्षामा दक्ष जनशक्ति उत्पादन, रोजगारीका अवसर विस्तार, र शिक्षाको स्तरीकरणका लागि आवश्यक नीतिगत सुधार र रणनीतिहरू समेटिन्छ। हरेक उपक्षेत्रको विश्लेषण संख्यात्मक र प्रतिशतका आधारमा गरिँदा तथ्याङ्कीय दृष्टिकोणले स्पष्टता प्रदान गरिनेछ। यसले शिक्षा क्षेत्रको समग्र विकासका लागि उपयुक्त उद्देश्य र क्रियाकलापहरू निर्धारण गर्न सहयोग पुर्याउनेछ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरेको छ, साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाके अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार,समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर चन्द्रपुर नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

चन्द्रपुर नगरपालिकामा ६४ वटा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् ।
ति कक्षामा जम्मा विद्यार्थी संख्या ३५०४ रहेकोमा छात्रा १६३१ (४६.५४प्रतिशत) र छात्र १८७३(५३.४६प्रतिशत) रहेका छन् त्यसमा सामुदयिक विद्यालयको बालविकास कक्षामा जम्मा विद्यार्थी संख्या १९२४ रहेकोमा छात्रा ९६७ (५०.२५प्रतिशत) र छात्र ९५७ (४९.७५प्रतिशत) रहेका छन् । भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन(२०७५) अनुसार यस पालिका अन्तर्गत अधिकतम बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोबल बढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि न्युन सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएका छन्। यस चन्द्रपुर नगरपालिकामा संचालित प्रारम्भिक बालविकास तथा शिक्षाको विवरण थप प्रष्ट रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## प्रारम्भिक बालविकासमा भएका बालबालिकाहरुको विवरण




स्रोतः शिक्षा शखा, EMIS, टुलकिट २०८०

## प्रारम्भिक बालविकासमा तथा शिक्षाको अवस्था

| सूचाक | प्रतिशत |
|---|---|
| ५ वटा न्युनतम सक्षमताका मापदण्डहरू मध्ये कम्तिमा ३ वटामापदण्डहरू )Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्रकक्षाहरू | ५५ |
| ECED केन्द्रकक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाईसामग्रीको Set प्राप्त गर्ने बालविकास केन्द्रकोसङ्ख्या | ४५ |
| ECED केन्द्रकक्षाहरूमा अध्यापनरत शिक्षकशिक्षिकाहरू मध्येकम्तिमा १५ दिने तालिम प्राप्त गर्नेशिक्षकशिक्षिकाहरूको सङ्ख्या | ६४ |
| ECED मा खुद भर्ना दर )Enrolment rate of 4-year old children) | ५७९. |
| ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | ६५.१ |
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.९९ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १.०७ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | २७.९५ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ०.०५ |
| ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा वढी उमेरका बालबालिकाको प्रतिशत | २१.१ |
| ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | ६५.१ |
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.९९ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १.०७ |

| सूचांक | प्रतिशत |
|---|---|
| ECED मा खुद देखिने भर्ना दर )GER in ECED) | २५९ |
| बालबालिका र सहजकर्ता अनुपात | ३१ |

३.१.१.१ समस्या चुनौतिहरु

१. प्रारम्भिक बालविकास केन्द्रको न्युनतम मापदण्ड पुरा गरेका १४ बालविकास केन्द्रको व्यवस्थापन गर्न नसकिनु।

२. प्रारम्भिक बालविकास उमेर समुहका ३१ प्रतिशत बालबालिकालाई बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु ।

३. बालविकासमा खुद भर्नादर घटाई कुल भर्नादर बढाउन नसकिनु।

४. बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या बृद्धि गर्न नसक्नु ।

५. बालमैत्री भौतिक संरचना निर्माण गर्न नसक्नु।

६. राष्ट्रिय मापदण्डका ५ ओटा मध्ये न्युनतम ३ ओटा सक्षमता पुरा गराउन नसक्नु ।

७. बालविकासका सबै सहगकर्ताहरुलाई क्षमता विकासका कार्यक्रम संचालन गर्न तथा टिकाउन नसक्नु ।

८. प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्न नसक्नु ।

९. तोकिएको उमेरमा वालविकास कक्षामा भर्ना गराउने ।

१०. सहजकर्ताहरुको क्षमता तथा प्राश्रमिकमा वृद्धि गरिने ।

३.१.२. उद्देशयहरु

१. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु।

३. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।

४. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

५. सहजकर्ताहरुको पराश्रमिकमा वृद्धि गर्नु ।

३.१.३. रणनीति

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५ अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२. मांग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्बितरण गरि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ।

३. प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारेको व्यवस्थाका लागि क्रमशः कार्यक्रम ल्याइनेछ

४. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय,गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।

५. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## ३.१.४. प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने।

### प्रमुख नतिजाहरू

१. प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन, २०७५)" अनुसार मापदण्ड पूरा भएका हुनेछन्।

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकासतथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ।

३. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरु मन्टेश्वरीमा आधारित तालिम प्राप्त गरिसकेको हुनेछ ।

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | ९५९७ | ९५९७ | १२७३ | १६४६ | २१३० | ९५९७ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र | २० | ३ | ३ | ३ | ३ | २ |
| ३ | तालिम प्राप्त सहजकर्ता | १५ | ५ | ५ | ५ | २ | २ |
| ४ | खुद भर्नादर | ३२१. | ३२१. | ३६९४. | ४२५५! | ४९०२. | ५६४७. |
| | | | | | | | |

## ३.१.४. प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाकान्युनतम मापदण्डहरू विकास, परिमार्जन तथा प्रबोधीकरण | पटक | १ | | | | | १ | | संघ, प्रदेश स्थानीय तह |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाकोनक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | संख्या | ४ | ४ | ४ | ४ | | ८ | | स्थानीय तह |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाउमेरका सबै बालबालिका, अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएकाबालबालिकाका लागि प्रारम्भिक बाल | सङ्ख्या | ४ | ४ | ४ | ४ | | १२ | | स्थानीय तह |

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | विकास तथा शिक्षामा पहुँचका लागि बैकल्पिकप्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | | | | | | | | | |
| ४ | विकासका साझेदार, गैर सरकारीसंस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | निरन्तर | | | | | | | | संघ स्थानीय तह |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाकार्यक्रममा अपाङ्गताको पहिचान गर्ने व्यवस्था गरी सहयोग उपलब्ध गराउने रआवश्यकताअनुसार थप सेवाको सुनिश्चितता | निरन्तर | | | | | | | | स्थानीय तह |
| ६ | न्यूनतम मापदण्डअनुसार विद्यालयमाआधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्गमैत्रीशौचालय सहितको दुई कोठे छुट्टै भवनको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीय तह |
| ७ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | | | | | | | | विद्यार्थीहरुलाई कोड दिई Child trekking |
| ८ | अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरीकार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीय तहको सहयोगमा प्राम्भिक बा.वि.केन्द्र |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | | संघ स्थानीय तह |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरी समय सापेक्ष परिमार्जन, अनुकूलन, प्रवोधीकरण | पटक | १ | | | | | १ | | संघ स्थानीय तह |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रको न्यूनतम मापदण्ड र सिकाइ तथा विकास मापदण्डमा समयसापेक्ष परिमार्जन तथा कार्यान्वयन | पटक | १ | | | | | १ | | संघ स्थानीय तह |
| १२ | मापदण्डले तोके अनुसार पुर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | | स्थानीय तह, व्यवस्थापन समिति, अभिभावक, संघसंस्था |
| १३ | सहजकर्ताको योग्यता र क्षमताविकास गर्दैवृत्ति विकासको अवसर मिलाउने | सङ्ख्या | २१ | ४ | ४ | ४ | १ | | | संघ, प्रवेश स्थानीय तह |
| १४ | सबै प्रारम्भिक बालविकास केन्द्रमा शिक्षक र बालबालिकाको अनुपात बढीमा १०:२० कायम | निरन्तर | | | | | | | | स्थानीय तह |
| १५ | प्रारम्भिक बाल विकास तथा शिक्षामा बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान | निरन्तर | | | | | | | | स्थानीय तह |

| क्रस | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १६ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | | | | | | | | स्थानीय तह |
| १७ | बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन )Screaning( गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध | निरन्तर | | | | | | | | स्थानीय तह |
| १८ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखिकरण | निरन्तर | | | | | | | | स्थानीय तह |
| १९ | ग्रेडिङअनुसार मापदण्ड पुरा गरेरनिरन्तर प्रगतिमा रहेका बालविकास तथा शिक्षा केन्द्र तथा सम्बन्धित केन्द्रको शिक्षकलाई प्रोत्साहनका लागि पुरस्कृत गर्ने | पटक | १ | | १ | | १ | ३ | | |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | निरन्तर | | | | | | | | स्थानीय तह, बा.वि.केन्द्र |
| २१ | प्रारम्भिक बालविकास तथा शिक्षाकार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने | निरन्तर | | | | | | | | स्थानीय तह, बा.वि.केन्द्र |
| २२ | वैकल्पिक शिक्षक (सुत्केरी बिदा) | निरन्तर | | | | | | | | स्थानीय तह |
| २३ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पुरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड,२०७७ परिमार्जन गरी कार्यान्वयन | निरन्तर | | | | | | | | संघ, प्रदेश स्थानीय तह |
| २४ | प्रारम्भिक बालविकास तथा शिक्षाको लाइसेन्स प्राप्त व्यक्तिबाट शिक्षक छनौटको व्यवस्था गरी शिक्षकहरूको पारिश्रमिकतथा सेवा सुविधा वृद्धि | निरन्तर | | | | | | | | संघ स्थानीय तह |
| २५ | प्रत्येक प्रारम्भिक बालविकास तथाशिक्षाका लागि शिक्षकबाहेक कक्षा १० उत्तीर्ण एकजना सहयोगीको व्यवस्था गर्ने र सहयोगीलाई स्वास्थ तथा स्याहार सम्बन्धी आधारभूत तालिमको व्यवस्था गर्ने | निरन्तर | ५ | ५ | ५ | | | | | संघ स्थानीय तह |
| २६ | सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्य रुपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालींमा दर्ता गराई पाठ्यक्रम कार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीय तह |

| क्रस | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २७ | बालविकास तथा स्याहार कार्यक्रम(४८ महिना भन्दा कमका लागिको सिकाइ तथा विकास सम्बन्धि ( क्रमपाठ्यनिर्माण | पटक | १ | | | | | १ | | स्थानीय तह |
| २८ | प्रारम्भिक बालविकास सेवा तथापाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको उचित प्रभावकारिताको सम्बन्धमा मन्त्रालय, शिक्षा तथा मानव स्रोतविकास केन्द्र, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण | निरन्तर | | | | | | | | संघ, प्रदेश स्थानीय तह (अनुगमन सुपीवेक्षणमा विहरुलाई पनि समावेश गर्ने) |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि चन्द्रपुर नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरि आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्र उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनैतहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

चन्द्रपुर नगरपालिकामा आधारभूत तह (कक्षा १–५) संचालित सामुदायिक विद्यालय २२ वटा,आधारभूत तह (कक्षा १–८) संचालित सामुदायिक विद्यालय १२ वटा गरि आधारभुत विद्यालय संचालित सामुदायिक विद्यालय जम्मा ३४ वटा रहेका छन् । जसमा सबै किसिमको आधारभुत विद्यालयमा जम्मा विद्यार्थी संख्या छात्रा १८११३ रहेकोमा छात्रा ८५०० (४६.९२प्रतिशत) र छात्र ९६१३(५३.०८प्रतिशत) रहेका छन् । सामुदयिक विद्यालयको आधारभुत तहमा जम्मा विद्यार्थी संख्या ११३६७ रहेकोमा छात्रा ५८६९ (५१.६३प्रतिशत) र छात्र ५४९८ (४८.३७प्रतिशत) रहेका छन् । आधारभुत विद्यालय(कक्षा १–८)संचालन भएका संस्थागत विद्यालय १२ वटा रहेका छन् ।

सामुदायिक विद्यालयको आधारभुत तह कक्षा १–५ मा विद्यार्थी संख्या छात्रा ३८४० र छात्र ३४५८ गरि जम्मा ७२९८ जना रहेका छन् भने सामुदायिक विद्यालयको आधारभुत तह कक्षा ६–८ मा छात्रा २०२९ र छात्र २०४० गरि जम्मा ४०६९ रहेका छन् ।आधारभूत शिक्षा कक्षा (१–८) मा कूलभर्नादर १२०.६ प्रतिशत रहेको छ । कक्षा (१–८) मा खुदभर्ना दर ९४.६ प्रतिशत रहेको छ । कक्षा (१–८) को टिकाउदर ८६.४ प्रतिशत रहेको छ ।यस पालिका भित्रका आधारभुत विद्यालय संचालन भएका विद्यालयहरुको शिक्षक दरवन्दि विवरणमा प्रा.वि. तहमा जम्मा १५६ वटा स्विकृत दरबन्दि ५९ वटा राहत दरबन्दि रहेको छ भने नि.मा.शि. तहमा जम्मा स्विकृत दरबन्दि ३१ वटा रहेको छ भने राहत दरबन्दि १२ रहेको छ ।यसरि शिक्षक र विद्यार्थीको विवरण हेर्दा कक्षा १–५ मा विद्यार्थी र शिक्षकको अनुपात १:४७ रहेको देखिन्छ भने कक्षा ६–८ मा विद्यार्थी र शिक्षकको अनुपात १:९५ रहेको देखिन्छ ।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ –

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,

३. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु,

४. राष्ट्रिय मापदण्ड अनुसारको शिक्षक विद्यार्थी अनुपात कायम गर्ने

### ३.२.३रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ –

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।

३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।

४. वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ, लक्षित् कार्यक्रम, प्रोत्साहन मूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने।

५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने।

६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।

७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।

८. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कन सँग सम्बन्धित क्षमता विकास गरिनेछ।

९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।

११. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।

१२. विद्यालय तथा शैक्षिक निकायको शासकीयतथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

१३. राष्ट्रिय मापदण्ड अनुसारको शिक्षक विद्यार्थी अनुपात कायम गर्न शिक्षक समायोजन तथा नपुग शिक्षक दरबन्दि माग गर्ने

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

१. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने।

३. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।

४. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।

५. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति सचेत बनाउने।

६. विद्यालय शिक्षा सूचना तथा सञ्चार प्रविधि मैत्री भई सवै बालबालिकाको सहज पहुचमा पुगेको हुने ।

७. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।

८. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

९. शिक्षक विद्यार्थी अनुपात राष्ट्रिय मापदण्ड अनुसारको बनाईने ।

| क्र.स. | सूचकहरु | आधारवर्ष ((२०८१/८२)) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा१ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ६२ | ६५.८ | ६९.९ | ७४.२ | ७८.७ | ८३.६ |
| २ | कक्षा१ मा नयाँ भर्ना भएका वालबालिकाको कूल प्रवेश दर (%) | ९४.१ | ९४.८ | ९५.५ | ९६.१ | ९६.८ | ९७.५ |
| ३ | आधारभूततह (प्राथमिक कक्षा १-५)मा खुद भर्ना दर* (%) | ७९.९ | ८२.१ | ८४.४ | ८६.७ | ८९.२ | ९१.६ |
| ४ | आधारभूततह (प्राथमिक कक्षा १-५)मा कूल भर्ना दर* (%) | ९८ | ५.५ | ०.३ | ० | ० | ० |
| ५ | आधारभूततहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ५७ | ५८.४ | ५९.९ | ६१.५ | ६३ | ६४.६ |
| ६ | आधारभूततह (प्राथमिक कक्षा ५)पूरा गर्ने दर* (%) | ३८ | ३९.१ | ४०.३ | ४१.५ | ४२.८ | ४४.१ |
| ७ | आधारभूततहमा (प्राथमिक कक्षा १-५)माभर्ना भएका ५-९ वर्षउमेर भन्दा माथिका वालवालिका* (%) | १३.७ | १२.३ | १०.८ | ९.२ | ७.६ | ५.८ |
| ८ | आधारभूततह (प्राथमिक कक्षा १-५)कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | १.१ | १.१ | १.१ | १.१ | १.१ | १ |
| ९ | आधारभूततह (कक्षा १-८)मा खुद भर्ना दर* (%) | ९३.९ | ९४.६ | ९५.३ | ९६ | ९६.८ | ९७.५ |
| १० | आधारभूततह (कक्षा १-८)मा कूल भर्ना दर (%) | ८८.४ | ८९.७ | ९१.१ | ९२.४ | ९३.८ | ९५.२ |
| ११ | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ३४.८ | ३५.८ | ३६.९ | ३८ | ३९.२ | ४०.३ |
| १२ | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ३५.४ | ३६.५ | ३७.७ | ३८.९ | ४०.१ | ४१.४ |

| क्र.स. | सूचकहरु | आधारवर्ष ((२०८१/८२)) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १३ | आधारभूततह(कक्षा १-८)कूल भर्ना दरमा लैङ्गिक समता सूचक" | १.१ | १.१ | १.१ | १.१ | १.१ | १ |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | | |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनरावलोकन | पटक | १ | ० | | | १ | २ | | |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ४ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ५ | ५ | ५ | ५ | १० | ३० | | |
| ५ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | १-८, | १-८, | १-८, | १-८, | १-८, | १-८, | | |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १५ | १५ | १० | ५ | ५ | ५० | | |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | २० | २० | २० | २० | ·२० | १०० | | |
| १० | नि:शुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| १२ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५० | ५० | ५० | ५० | ५० | १००' | | |
| १४ | एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | ५ | | |
| १६ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १७ | वडा तथा पालिकास्तरमा सत प्रति विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | ११ | १ | ५ | | |
| १८ | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभाबक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १९ | बार्षिक रुपमा विद्यालयको कार्य सम्पादन परीक्षण सञ्चालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | पटक सवै विधालयमा |
| २० | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रर्दशनी मेला सञ्चालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | पटक सवै विधालयमा |
| २१ | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | सवै विधालयमा |
| २२ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| २३ | छापामय कक्षा कोठा | निरन्तर | | | | | | | | विधालय अनुसार |
| २४ | शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | वर्षेणि |
| २५ | नमुना विद्यालय घोसणा पुरस्कार | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| २६ | गृह विद्यालय संचालन (Home Schooling) | निरन्तर | | | | | | | | |

## ३.३ माध्यमिक

### ३.३.१वर्तमान अवस्था

चन्द्रपुर नगरपालिकामा सामुदायिक विद्यालय ४८ वटा मध्ये माध्यमिक १२, निजी विद्यालय ३२ वटा मध्ये माध्यमिक विद्यालय १२ वटा रहेका छन्। चन्द्रपुर नगरपालिकामा माध्यमिक तह (११-१२) संचालन भएको विद्यालय मध्ये सामुदायीक ६ र संस्थागत ५ वटा विद्यालय संचालनमा रहेका छन् ।सामुदायिक विद्यालयमा माध्यमिक तह (कक्षा ९-१०) मा२८५३ र माध्यमिक तह (कक्षा ११-१२) मा २३३१ गरी ५१८४ विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।. जसमध्ये छात्रा ४७.७४% र छात्र ५२.२६% रहेको छ । (स्रोतः इमिस २०८१), चन्द्रपुर नगरपालिकाको माध्यमिक तहको कुलभर्नादर ९५.२ प्रतिशत रहेको छ र खुदभर्ना दर ६०.५ प्रतिशत रहेको छ । कक्षा १मा कुलप्रवेश दर ११३.९ प्रतिशत रहेको छ । कक्षा १ मा खुदप्रवेश दर ९६.० प्रतिशत रहेको छ । आधारभूत तहका कक्षा (९-१०) मा कुलभर्ना दर ९९.० प्रतिशत रहेको छ । कक्षा (९-१०) मा खुद भर्नादर ७७.९ प्रतिशत रहेको छ । कक्षा (११-१२) मा कुलभर्ना दर ५२.९ प्रतिशत रहेको छ । कक्षा (११-१२) मा खुद भर्नादर २६.४ प्रतिशत रहेको छ । ( इमिसः २०८१) ।

यस पालिकामा अधारभुत तहको वाहिर रहेका वालवालिका १४.९ प्रतिशत रहेका छ । यो पालिकामा विद्यालय सुधार योजना बनांएका विद्यालयको संख्या ४६ रहेको छ ।विद्यालय व्यवस्थापन समिति सक्रिय रहेको विद्यालय संख्या ४० वटा जति सक्रिय रहेको छ भने । कक्षा ९ देखि १२ सम्मको विद्यार्थी शिक्षक अनुपात १:९३ रहेको छ । कक्षा ११-१२ शिक्षक विद्यार्थी अनुपात १:१३२ रहेको छ ।

माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्था भएको भए तापनि मापदण्ड अनुरुपको उपचार कक्ष र सोमा चाहिने आवश्क भौतिक सामाग्रीको व्यवस्था छैन । विज्ञान प्रयोगशाला १२ वटा माध्यमिक विद्यालय मध्ये १२ वटैमा सञ्चालन भएको भए तापनि मापदण्ड अनुसार ९० वर्गमिटरको प्रयोगशाला कक्ष हुनुपर्ने र भौतिक विज्ञान प्रयोगशाला, रसायन विज्ञान प्रयोगशाला र जैविक विज्ञान प्रयोगशाला छुट्टा छुट्टै हुनुपर्नेमा सो नभएको । विज्ञान प्रयोगशालामा आवश्यक प्राविधि कर्मचारी (ल्याब असिस्टेन्ट) को व्यवस्था नभएको । प्रयोगशालामा आवश्यक सामाग्री नभएको ।

पुस्तकालयको अवस्थामा सबै माध्यमिक विद्यालयमा भएको भए तापनि सो पुस्ताकालय कक्ष ९० वर्गमिटरको हुनुपर्नेमा सो नभएको, पुस्ताकलयको नियमित सञ्चालनकोलागि आवश्यक पुस्तक तथा एकजना लाइब्रेरियनको व्यवस्था नभएको । सबै माध्यमिक विद्यालयमा कम्प्यूटर ल्याब भए तापनि नियमित सञ्चालन नभएको, पर्याप्त कम्प्यूटर नभएको, भएका कम्प्यूटरहरु मर्मतसम्भार नभएको अवस्थामा रहेको । कम्प्यूटर ल्याब कक्ष ९० वर्गमिटरको हुनुपर्नेमा त्यस्तो व्यवस्था कुनै पनि विद्यालयमा नभएको । कम्प्यूटर शिक्षक दरबन्दी कुनैपनि माध्यमिक विद्यालयमा छैन ।

तहगत विद्यार्थी विविरण

| तहगत विद्यार्थी | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | १२५० | १३३४ | २५८४ | ७१२ | ७४२ | १४५४ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | १२५० | १३३४ | २५८४ | ७१२ | ७४२ | १४५४ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | १४१ | १२६ | २६७ | ६१ | ६७ | १२८ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | १४१ | १२६ | २६७ | ६१ | ६७ | १२८ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ४ | ६ | १० | २ | १ | ३ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | ४ | ६ | १० | २ | १ | ३ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ५५७ | ५३६ | १०९३ | ३६७ | ३३६ | ७०३ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ५५७ | ५३६ | १०९३ | ३६७ | ३३६ | ७०३ |
| ९-१२ कक्षा विद्यालय वाहिर रहेका संख्या | ४५ | ४१ | ३६ | ३१ | २६ | ५७ |

स्रोतः शिक्षा शखा, EMIS टुलकिट २०८१,

कक्षागत रुपमा सन्चालित विद्यालयहरुको विविरण

| क्र.स. | कक्षागत रुपमा सन्चालित बिद्यालयहरुको बिबरण | कक्षा ९-१०, | कक्षा ११-१२, | अन्य |
|---|---|---|---|---|
| १ | कक्षागत र तहगत जम्मा बिद्यालय सङ्ख्या (सबैप्रकारका) | २४ | ११ | |
| २ | कक्षागत र तहगत सबैप्रकारका समुदायिक जम्मा बिद्यालय सङ्ख्या | १२ | ६ | |
| ३ | जम्मा समुदायिक बिद्यालय मध्यें अनुमति प्राप्त कक्षागत र तहगत बिद्यालय सङ्ख्या (शुन्यदर बन्दी भएका) | २ | ० | |
| ४ | जम्मा सामुदयिक बिद्यालय मध्ये विशेष बिद्यालयहरुको सङ्ख्या -बिभिन्न अपाङ्गता भएका बालबालिकाका लागि) | २ | ० | |
| ५ | जम्मा सामुदयिक बिद्यालय मध्ये धार्मिक बिद्यालयहरुको सङ्ख्या | ० | ० | |
| ६ | सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | ० | ० | ३ |

समुदायिक विधालया शिक्षक विविरण



## चुनौतिहरु

१. विषयगत शिक्षकहरूको अभाव।
२. शिक्षकहरूमा तालिमको कमी।
३. बिद्यार्थीअनुपातमाशिक्षककोकमि
४. विद्यालयमाआवश्यक भवनको अभाव।
५. विज्ञान, प्रविधि, र प्रयोगात्मक शिक्षाका लागि आवश्यक कक्षउपकरण तथा प्रयोगशालाको अभाव।,
६. पुस्तकालय तथा अध्ययन सामग्रीको कमी।
७. आर्थिक रूपले कमजोर परिवारका विद्यार्थीहरू विद्यालय अनुपस्थित ।
८. लैङ्गिक असमानता, विशेष गरी ग्रामीण क्षेत्रमा छोरीहरूलाई विद्यालय पठाउने परम्पराको अभाव।
९. दुर्गम भेगका विद्यार्थीहरूका लागि विद्यालयसम्म पुग्न असजिलो।
१०. बाल विवाह, बाल श्रम, र गरिबीका कारण विद्यार्थीहरूले कक्षा८पछिपढाइ छोड्नु।
११. किशोरावस्थाका मानसिक, सामाजिक, र सांस्कृतिक चुनौतीहरूले गर्दा विद्यार्थीहरूको शैक्षिक निरन्तरतामा कमी।
१२. प्राबिधिकतथाव्यावसायिक तालिमको कमीले विद्यार्थीहरूलाई रोजगारीका अवसरहरूमा कठिनाइ ।
१३. नीति तथाकार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अभाव।
१४. माध्यमिकतहको शिक्षामाबजेटको कमी ।

## ३.३.२ उद्देशयहरु

१. गुणस्तरीय शिक्षा, विषयगत शिक्षक, दक्ष शिक्षक तथा आबस्यक मानब श्रोत साधनको सुनिश्चितता गर्नु
२. विधायिकी मापदण्ड अनुरुपको शिक्षक अनुपात कायम गर्नु
३. समावेशी र पहुँचयुक्त शिक्षा प्रवर्द्धन गर्दै सिकाइ क्षति न्यूनिकरण गर्नु ।
४. व्यावसायिक र सीपमूलक शिक्षाको व्यवस्था गर्नु
५. डिजिटल शिक्षा र प्रविधिको साबधनिक पुर्बक प्रयोग गर्नु
६. विद्यार्थीकोशारीरिक, मानसिक, र नैतिक विकास गर्नु
७. विद्यालयमा हुन सक्ने दुर्व्यसन, बालबिजाईं, विद्युतीय कारोबर जन्य अपराधिक कार्यको प्रभाव नियन्त्रण तथा व्यवस्थापन गर्नु ।
८. विपद् तथा जोखिम अवस्थामा सुरक्षित र भयरहित सिकाई वातावरणको सुनिश्चित गर्नु
९. विद्यार्थीमावातावरणीय चेतनाको विकास गर्नु
१०. प्रभावकारी शैक्षिक प्रशासन संचालन गर्नु
११. बिद्यालय भौतिक पूर्वाधार निर्माण सम्वन्धि मापदण्ड२०८०अनुरुपको भौतिक पूर्वाधार निर्माण गर्नु।

### ३.३.३ रणनीतिहरु

**१ .गुणस्तरीय शिक्षा ,दक्ष शिक्षक तथा आबस्यक मानब श्रोत साधनको सुनिश्चितता**

- शिक्षकहरूको पेशागत विकासका लागि नियमित तालिम तथा पुनर्ताजगी कोर्स।
- ICTर आधुनिक शिक्षण विधिमा प्रशिक्षित गराउने।
- बिद्यार्थी शिक्षक अनुपातका आधारमा दरबन्दी संख्या स्वीकृत गरि माग गर्ने
- तत्कालिन अबस्थामा बिद्यार्थी शिक्षक अनुपात कायम गर्न स्वयम् सेवक शिक्षक )पूर्णकालीन (को व्यवस्था गर्ने
- आंशिक शिक्षक को व्यवस्था )प्राबिधिक बिषयहरु ,गणित ,बिज्ञान ,कम्प्युटर ,खेलखुद ,संगीत , योगा, कृषि ,बन आदि (
- बिद्यालयमा आवस्यक अन्य कर्मचारीहरु )पाले ,का स ,भान्से ,सरसफाईकर्मी ,लाइबेरियन ,ल्याब पर्सन ,का सा ,लेखापाल(
- सिकाई सहजीकरण निरीक्षक तथा प्रशिक्षक
- एसईई तथा कक्षा१२ का नतिजामा उत्कृष्ट प्रदर्शन गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने प्रणाली।

**२ .समावेशी र पहुँचयुक्त शिक्षा प्रवर्द्धन**

- विपन्न वर्गका अभिभावकहरूको लागि आयमूलक तालिम र*opportunity cost*व्यवस्थापनका कार्यक्रम।
- विपन्न,सिमान्तकृत,दलित,बालिका, र अपांग विद्यार्थीहरूको शिक्षामा सहभागिता बढाउन समुदायस्तरीय अभिमुखीकरण।
- सिकाइ क्षति भएका विद्यार्थी र विषयहरूको पहिचान गरी सिकाइ आपुरण कार्यक्रम सन्वालन गर्ने ।
- अपाङ्गता भएका विद्यार्थीहरुको लागि श्रोत कक्षा सञ्चालन गर्ने ।

**३ .व्यावसायिक र सीपमूलक शिक्षा**

- व्यावसायिक तालिम केन्द्र सञ्चालन।
- प्रत्यक बिद्यालयमा एक बिद्यालय एक उद्यमशीलता कार्यक्रम संचालन ,
- उद्योगी, ब्यबसायी,सरकारी निकायहरू ,दात्री निकायहरु ,संघ संस्थाहरु र सरोकारवालाहरुसँग सहकार्य गरी तालिम कार्यक्रम सञ्चालन।

**४ .डिजिटल शिक्षा र प्रविधिको प्रयोग**

- प्रत्येक विद्यालयमा डिजिटल बोर्ड र इन्टरनेट जडान।
- विद्यार्थी र शिक्षकका लागि कम्प्युटर, प्रोग्रामिङ, र ICTसम्बन्धी विशेष तालिम।
- एक विद्यालय, एक विषय ल्याब "अवधारणामा स्रोत साझा गर्ने प्रणालीको विकास।

**५ .शारीरिक, मानसिक, र नैतिक विकास**

- खेलकुद , नृत्य, चित्रकला, संगीत,योगा ,आदि बिषयमा घुम्ती शिक्षकको ब्यबस्था गर्ने ।
- विद्यार्थीहरूको मानसिक स्वास्थ्य सुधारका लागि परामर्शदाता नियुक्त गर्ने।
- वार्षिक खेलकुद महोत्सव, नृत्य, चित्रकला, र सांगीतिक प्रतियोगिताहरू छात्रा मैत्री तथा अपांग मैत्री तवरले आयोजना गर्ने

- बाल क्लब गठन गरी नेतृत्व क्षमता विकास गर्ने कार्यक्रम।
- दुव्यसन, बालबिजाई, विद्युतिय कारोबर जन्य अपराधिक कार्यको नियन्त्रण तथा व्यवस्थापन ।

**६ .वातावरणीय चेतना र दिगो विकास**

- प्रत्येक विद्यालयमा वृक्षारोपण र फोहोर व्यवस्थापन अभियान।
- वातावरणीय संरक्षण र दिगो विकास सम्बन्धी कार्यक्रम

**७ .प्रभावकारी शैक्षिक प्रशासन**

- शिक्षक, अभिभावक, र विद्यार्थीहरूको सहभागिता सुनिश्चित गर्न बैठक र अन्तरक्रिया।
- विद्यालयको  मापनका लागि प्राविधिक टोली खडा गर्ने।
- बजेट र कार्यक्रमहरूको नियमित सार्वजनिकरण।

**८शैक्षिक . गुणस्तर**

- दुव्यसन, बालबिजाई, विद्युतिय कारोबर जन्य अपराधिक कार्यको नियड्ड कक्षा  शिक्षक, बिषय शिक्षकबाट  पाठयोजना, एकाई योजना , बार्षिकयोजना निर्माण गरी योजनाबद्ध सिकाई सहजीकरण तथा व्यवस्थापन ।
- प्रभाबकारी सिकाई , मुल्यांकन र शैक्षनिक सुधार योजना
- प्रत्यक वर्ष शैक्षिक गुणस्तर परिक्षण र पृष्ठपोषण
- प्रश्नपत्र निर्माण कार्यशाला
- बिषयगत शिक्षक क्लब  गठन तथा संचालन

**९ .भौतिक पूर्वाधार**

- आवशयकताको पहिचान गरि  भौतिक पूर्वाधार  निर्माणका लागि सिफारिस गर्ने ,निर्माण गर्ने
- आवश्यक पुस्तकालय,मनोरञ्जन कक्ष ,कला कक्ष ,कम्प्युटर कक्ष  ,भौतिक विज्ञान,रसायन विज्ञान, जीव विज्ञान प्रयोगशाला )प्रत्यक ९०वर्गमिटर (को  ,खाजाघर  ,बिद्यार्थी संख्याको आधारमा कक्षा कोठा निर्माणका लागि सिफारिस गर्ने ,निर्माण गर्ने
- लैंगिक मैत्री )LGBTQ),अपांगमैत्री शौचालय निर्माणका लागि सिफारिस गर्ने,निर्माण गर्ने
- विपद तथा जोखिम अवस्थामा सुरक्षित र भय रहित सिकाई वातावरण व्यवस्थापन

## ३.३.४ प्रमुख उपलब्धिहरु तथा नतिजा

### उपलब्धि

१. विद्यालयहरूमा दक्ष र प्रशिक्षित शिक्षकहरूको संख्या वृद्धि गर्दै बिद्यार्थी शिक्षक अनुपात कायम भइ प्रभावकारी सिकाई भएको हुनेछ।

२. शिक्षण कार्यमा आधुनिक प्रविधिको प्रयोग बढ्नेछ।

३. विद्यार्थीहरूको शैक्षिक प्रदर्शनमा उल्लेखनीय सुधार भएकोहुनेछ।

४. बालिका, दलित, अपांगता भएका व्यक्तिहरू र अन्य वञ्चित वर्गका विद्यार्थीहरूको विद्यालय भर्ना दर वृद्धि हुनेछ ।

५. विद्यालय छोड्ने दर )dropout rate) मा कमी हुनेछ ।

६. शिक्षा सबै वर्गका लागि पहुँचयोग्य हुनेछ ।

७. माध्यमिक तहका विद्यार्थीहरू स्वरोजगार र सीपमूलक कार्यमा सक्रिय हुनेछन् ।

८. स्थानीय श्रम बजारका आवश्यकतालाई सम्बोधन गर्न योग्य जनशक्ति उत्पादन हुनेछ ।

९. व्यावसायिक तालिमका कारण विद्यार्थीहरूको आर्थिक स्वतन्त्रता बढ्नेछ।

१०. विद्यार्थीहरूमा डिजिटल साक्षरता वृद्धि हुनेछ।

११. आधुनिक प्रविधिको प्रयोगले शिक्षामा नवीनता ल्याउनेछ।

१२. ICT को उपयोगमार्फत शिक्षणशिक्षा प्रक्रियामा सुधार- हुनेछ।

१३. विद्यार्थीहरूको शारीरिक तन्दुरुस्तीमा सुधार हुनेछ।

१४. मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्ने प्रभावकारी प्रणाली विकास हुनेछ ।

१५. नेतृत्व क्षमतायुक्त र नैतिक मूल्यमान्यता भएका विद्यार्थीहरूको उत्पादन हुनेछन् ।

१६. विद्यार्थी र समुदायमा वातावरणीय संरक्षणप्रति चेतना वृद्धि हुनेछ ।

१७. हरित विद्यालयको अवधारणा प्रभावकारी रूपमा कार्यान्वित हुनेछ ।

१८. फोहोर व्यवस्थापन र वातावरणीय संरक्षणमा विद्यार्थीहरूको सक्रिय भूमिका रहनेछ ।

१९. विद्यालय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहितारहनेछ ।

२०. विद्यालयहरूको प्रदर्शन मापन र सुधारका लागि नियमित अनुगमन प्रणाली।

२१. शिक्षकअभिभावक संघहरूको सक्रियता र सकारात्मक सहभागिता।-

२२. विद्यालय पूर्वाधार सुधारमा निजी क्षेत्रको सहयोग।

२३. तालिम र रोजगारसम्बन्धी कार्यक्रम सञ्चालनका लागि थप आर्थिक स्रोतहरूको उपलब्धता हुनेछ ।

२४. माध्यमिक तहमा विद्यार्थीहरूको परीक्षा नतिजा, दक्षता, र सहभागितामा उल्लेखनीय सुधार हुनेछ ।

२५. स्वरोजगार, उद्यमशीलता, र सामाजिक नेतृत्वका क्षेत्रमा सक्षम व्यक्तिहरूको विकास हुनेछ ।

२६. शिक्षामा समावेशिता र समानताको विकासले सामाजिक न्याय प्रवर्द्धन गर्नेछ।

२७. सीपमूलक शिक्षाका कारण स्थानीय उद्यम र श्रम बजारलाई दक्ष जनशक्ति उपलब्ध हुनेछ ।

**नतिजा**

| क्र.स. | सूचकहरु | अधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा९-१२) मा खुद भर्नादर* (%) | १६.५ | २०.६ | २५.८ | ३२.३ | ४०.५ | |
| २ | माध्यमिक तह (कक्षा९-१२) मा कूल भर्नादर* (%) | ४२.१ | ४६.९ | ५२.२ | ५८.२ | ६४.८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा९-१२) | ०.९ | ०.९ | ०.९ | ०.९ | १ | |
| ४ | कक्षा१का जम्मा बिद्यार्थी मध्ये कक्षा१०को अन्त्य सम्म टिकाउ दर | ३५.५ | ३६.७ | ३८ | ३९.३ | ४०.७ | |
| ५ | कक्षा१माभर्नाभएकाबालबालिकामध्येकक्षा१०मा पुग्ने दर (%) | ३४.८ | ३६ | ३७.२ | ३८.५ | ३९.८ | |
| ६ | कक्षा१का जम्मा बिद्यार्थी मध्ये कक्षा१०तथा माध्यमिक तह(कक्षा१-१०) पुरा गर्नेको दर | ३२.६ | ३३.६ | ३४.७ | ३५.८ | ३६.९ | |
| ७ | माध्यमिक तह (कक्षा९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | ९.१ | ९.२ | ९.३ | ९.४ | ९.५ | |

## ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | | १ | | | १ | | नगरपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | १ | | | १ | २ | | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र विषयगत दरबन्दी आधारको प'नरावलोकन | संख्या | १ | | | | | १ | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालय भौतिक प"र्वाधार निर्माण सम्वन्धी मापदण्ड २०८० अनुसारको विद्यालयमा भौतिक प"र्वाधार विकास तथा कक्षाकोठा, प'स्तकालय , प्रयोगशाला, खाजाघर, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान स्तरवृद्धि, | संख्या | ४ | ६ | १२ | १ | | २१ | | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | १ | ० | १ | ० | २ | | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | स"चना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० | १ | | नगरपालिका |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १० | प्रकोप प्रति सचेत रहन योजना विकास | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | | नगरपालिका |
| ११ | निःश'ल्क शिक्षाको स'निश्चितताका लागि विद्यार्थी पाठ्यप'स्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | संघ |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | नगरपालिका |
| १३ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | नगरपालिका |
| १४ | कक्षा ९(१२ का छात्राहरूलाई सेनेटरि प्याडको व्यवस्था | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | | संघ |
| १५ | माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना | संख्या | १ | १ | १ | २ | २ | ७ | | संघ |
| १६ | माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन | संख्या | १ | १ | १ | २ | २ | ७ | | संघ |
| १७ | प्र. अ हरुका लागि कार्यसम्पादनका अदारमा प्रोत्साहन लागु गर्दै शिक्षकहरुलाई पनि क्रमस यो दायराम ल्याउने | पटक | १ | १ | १ | १ | १ | ५ | | नगरपालिका /संघ |
| १८ | विधालयमा छात्रबास सन्चालन कार्यक्रम | संख्या | | १ | | १ | | २ | | नगरपालिका |
| १९ | पूर्णकाली नस्वयम सेवक शिक्षक | संख्या | ५ | १० | | | | १५ | | नगरपालिका |
| २० | खेलकुद, नृत्य, चित्रकला, संगीत,योगा, आदि बिषयमा | संख्या | ५ | १० | | | | १५ | | नगरपालिका |
| २१ | पार्टटाइम शिक्षक र कम्पुटर, बिज्ञान,गणित,लेखा,अन्य प्राबिधिक बिषय का लागि | संख्या | ५ | | | | | ५ | | नगरपालिका |
| २२ | पाले, कास, लाइबेरियन, ल्यांबपर्सन, लेखापाल | संख्या | ६ | १२ | १८ | १८ | १८ | ७२ | | नगरपालिका |
| २३ | सिकाई सहजीकरण निरीक्षक तथा प्रशिक्षक | संख्या | १ | १ | १ | १ | १ | ५ | | |
| २४ | सिकाई आपूरण कार्यक्रम | | | | | | | | | |
| २५ | दुव्र्यसन, बालबिजाई, विद्युतिय कारोबर जन्य अपराधिक कार्यको नियन्त्रण तथा व्यवस्थापन | संख्या | १२ | | | | | १२ | | |
| २६ | विपद तथा जोखिम अवस्थामा सुरक्षित र भय रहित सिकाई वातावरण व्यवस्थापन | संख्या | १२ | | | | | १२ | | |
| २७ | अपाङ्गता भएका विद्यार्थीहरुको लागि श्रोत कक्षा सञ्चालन | संख्या | २ | | | | | २ | | |

## ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.६.१ वर्तमान अवस्था

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइको जन्मदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई

सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकोइको अवसर सुनिश्चित गर्न औपचारिकर अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ।औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन।जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

यस पालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रम सञ्चालन भएको तथा निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा काम गर्दै आएका छन्। हाल सम्म यस पालिकामा साक्षरता सम्बन्धी कार्यक्रमबाट साक्षर गर्ने कार्ययोजना रहेको छ । यस चन्द्रपुर नगरपालिका को जनसंख्याडज्ञडण्ठमध्ये साक्षर ७०.९ प्रतिशत र निरक्षरता २९.१ प्रतिशत रहेको छ । जसमा पुरुष ७८.३ प्रतिशत र महिला ६३.७ प्रतिशत रहेको छ ।यस पालिकामा सामुदायिक सिकाइ केन्द्र १ वटा रहेको छ ।

### ३.६.१.१ चुनौतिहरु

१. सिमान्तकृत समुदायहरुमा आयआर्जन गर्न र निरन्तर शिक्षाको कार्यक्रम संचालन ।
२. सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन र परिचालन गर्न नसकिए
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रभावकारी व्यवस्थापनमा सरोकारवलाहरु विच समन्वय सहकार्यको कमि ।
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदणडहरु कार्यान्वयन गर्न नसक्नु ।
५. पाठ्यक्रम,पाठ्यपुस्तक तथा थप सिकाई सामग्रीहरु विकास नहुनु ।
६. सामुदायिक सिकाइ केन्द्रका सहेजकर्ताहरुको क्षमता विकास र आवशयक वजेटको व्यवस्था नहुनु ।

### ३.६.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. साक्षर चन्द्रपुर नगरपालिका नगरपालिका को रूपमा विकास गर्नु।
२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु।
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने
४. हरेका वडामा १।१ वटाको दरले सिकाइ केन्द्रको विकास गर्ने ।

### ३.६.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकास, राजनैतिक दल सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।

२. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको सुनिशिचत गरिनेछ।

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।

४. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइकेन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै गरिनेछ।

५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणापत्र तयार गरिनेछ।

६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरणका लागि सयंन्त्रको विकास गरि राष्ट्रिय योग्यता प्रारुप वा नगरपालिकाले निर्माण गरेको ऐन कानुन बमोजिम प्रमाणपत्रको वितरण गरिने ।

७. वि.स. २०८४ सम्म साक्षर पालिका घोषणाका लागि अधार त्यार ।

### ३.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।

२. विद्यालय उमेर समूहका विद्यालय वाहिर रहेका सवै वालवालिकाहरु अनौपचारिक शिक्षाको माध्यबाट विद्यालयमा भर्ना भइ अध्ययन गरिरहेका हुने छन् ।

३. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गरिएको हुने छ ।

४. घुम्ति पुस्ताकलयमा सवैको पहुच सुनिश्चित भएको हुने छ।

५. वि.स. २०८४ सम्म साक्षर पालिका घोषणाका भएको हुने छ ।

**प्रमुख नतिजाहरू**

| क्रसं | सूचक | इकाई | आधार | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | वर्ष२०८१८२/ | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बाहिर रहेको वालबालिकाहरु अनौपचारिक शिक्षाको माध्यमबाट विद्यायलयमा भर्ना र कक्षामा निरन्तरता भएको हुने छ। | प्रतिशत | ४५ | ६५ | ७५ | ८५ | १०० |
| २ | एक वडां एक सामुदायिक सिकांई केन्द्रको विस्तार र संचालन | पटक | ५ | २ | २ | ० | ० |
| ३ | वडागत रुपमा समुदायिक पुस्ताकलयको स्थापना | संख्या | १ | २ | २ | २ | २ |
| ४ | अनौपचारिक तथा आजीवन सिकाई सम्वन्धि तथ्याकंहरु अध्यावधिक तथा व्यवस्थित | निरन्तर | | - | - | - | - |
| ५ | साक्षर प्रतिशतमा वृद्धि भएको भएको हुने | प्रतिशत | ७१ | ८० | ९० | ९५ | १०० |
| ६ | छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन | संख्या | १०० | १५० | २०० | २५० | ३०० |
| ७ | बालबालिकाको सामुदायिक सिकाइ केन्द्रमा सिकाइ निरन्तरता, | निरन्तर | | - | - | - | - |
| ८ | राष्ट्रिय शिक्षा सक्षमता प्रारुपको सफल कार्यान्वियन | निरन्तर | - | - | - | - | - |
| ९ | घुम्ति पुस्ताकलयको व्यवस्था र परिचालन | निरन्तर | - | | - | - | - |
| १० | साक्षर नगरपालिका घोषणा | पटक | १ | ० | ० | ० | १ |

## ३.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाई | भौतिक लक्ष्य ५ वर्षा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्षमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निरक्षर र विद्यालय वाहिर रहेक किशोर किशोरीहरुको विवरण संकलन गरि खणडिकृत रुपमा तथ्याकं त्यार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता अभिवृद्धी कार्याक्रम संचालन गर्ने | प्रतिशत | ५५९. | ६४ | ७२ | ८३ | ९२ | १०० | | नगरपालिका |
| ३ | सामुदायिक सिकाई केन्द्रको विस्तार र सञ्चालन गर्ने | संख्या | ५ | २ | २ | ० | ० | ९ | ९ | नगरपालिका |
| ४ | एक वडा एक सामुदायिक पुस्तकालय स्थापना गरि सामुदायिक केन्द्र संग आवद्ध गर्ने | संख्या | १ | २ | २ | २ | २ | ९ | ९ | नगरपालिका |
| ५ | समुदायिक सिकाई केन्द्र र पुस्तकालयको स्थपना र क्षमता विकासका लागि सरकारी तथा गैरसरकारी संघसस्थाहरु तथा सरोकारवलाहरु सँग समन्वय र सहकार्य | निरन्तर | - | - | - | - | - | - | | नगरपालिका |
| ६ | आयमुलक तथा सीपमुल्क कार्यक्रम | प्रतिशत | ५३ | ६३ | ७३ | ८३ | ९३ | १०० | | नगरपालिका |
| ७ | सामुदायिक सिकाइ केन्द्र तथा अन्य संघसंस्था मार्फत वैकल्पिक सिकाइ कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | १ | | नगरपालिका |
| ८ | समुदायिक सिकाइ केन्द्रको सहजकर्ताहरुको क्षमता विकास | संख्या | ५ | २ | २ | ० | ० | ९ | ९ | नगरपालिका |
| ९ | अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप कार्यावन्यन | निरन्तर | - | - | - | - | - | - | | नगरपालिका |
| १० | अभिवावक सचेतना तथा परामर्श कार्यक्रम | वडागत | १ | १ | १ | १ | १ | ५ | | वडागत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संचालन | | | | | | | | |
| ११ | सवै सरोकारवलाको सहभागिता मा अनुगमन तथा समिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | | |

# ३.४ उच्च शिक्षा

## ३.४.१ वर्तमान अवस्था

मुलुकको विकास को लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ। देश को शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक विकासका लागि योग्य जनशक्तिको जरुरत पर्दछ। त्यसका लागि विद्यालय शिक्षा कक्षा १२ भन्दा माथिको उच्च शिक्षा आवश्यकता पर्दछ। यसरी व्यक्तिको जीवनस्तर उकास्न, आधुनिक समाजमा रहेका विविध संघ संस्थाको गुणस्तरीय विकास गर्न, कार्य वातावरणमा उत्पन्न विभन्न समस्याहरुको सही समाधान गर्न, ज्ञान, विज्ञान र प्रविधिको विकास गरी सामाजिक रुपान्तरण गर्न र विकासको गतिलाई दक्ष जनशक्ति आपूर्ति गरी तीव्रता प्रदान गर्न उच्च शिक्षाको अहम् भूमिका रहन्छ। तसर्थ यस चन्द्रपुर नगरपालिकाले ना.पा. क्षेत्र भित्र उच्च शिक्षा प्रदायक संस्थाको रुपमा कम्तिमा एउटा सामुदायिक विद्यालयलाई स्तरोन्नति वा छुट्टै स्नातक र स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने प्रभावकारी समंन्वय हुने गरी अगाडी बढ्नेछ । चन्द्रपुर नगरपालिकामा उच्च शिक्षा अध्यापन गराउने क्याम्पसको संख्या ३ वटा रहेको छ । जस्मा जनज्योति वहुमुखी क्याम्पस जहा BED, MBS पढाइ हुने गर्दछ र विद्यार्थि संख्या २६०० जना जति रहेको छ । त्यसतै सिन्दुरेघारि बहुमुखि क्याम्पस , सुवलाल बहुमुखि क्याम्पस रहेको छ।

### चुनौतिहरु

१. पालिकासँगको समन्वयमा कमी
२. अनुगमन तथा व्यवस्थापनमा चुनौति
३. विद्ययार्थि संख्यामा अपुग

## ३.४.२ उद्देश्य

१. क्याम्पसहरुसँग समन्वय गरि व्यवस्थापनमा सहयोग
२. समन्वय र सहयोग मार्फत गुणस्तर वृद्धी ।

## ३.४.३ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ ः

१. क्याम्पसको सुढृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरि सो अनुकूल कार्य गर्नमा सहयोग गर्ने ।
२. सहकार्य र समन्वय

## ३.४.४ प्रमुखउपलब्धि तथा नतिजा

**उपलब्धि**

सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

**नतिजा**

१. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

२. क्याम्पसको सञ्चालन, स्थायित्व तथा सुदृढीकरण भएको हुने।

३. उच्च शिक्षाको अवसर सहज रुपमा प्राप्त भएको हुने।

४. पालिकासँगको समन्वय र सहकार्य वृद्धि भएको हुने।

## ३.४.४ प्रमुख क्रियाकाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | क्याम्पसको शिक्षण तथा शिक्षक व्यवस्थापन | पटक | | | १ | १ | | २ | २ | विश्वविद्यालय |
| २ | सुरक्षित पूर्वाधार निर्माण तथा लाईवेरी व्यवस्थापन | पटक | | १ | | | १ | २ | ३ | सुरक्षित पूर्वाधार निर्माण |

# परिच्छेद ४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

परिच्छेद चारमा शिक्षा क्षेत्र अन्तर्गतका अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु शिक्षा व्यवस्थापन र विकास, पाठ्यक्रम र मुल्याङ्कन, शैक्षिक समता र सामवेशिकरण, सकंटकालीन तथा आपतकालीन अवस्थामा शिक्षा, विद्यालयको भौतिक पुवार्धार र विकास, शिक्षामा सूचना र प्रविधि क्षेत्रमा वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुतसँगै योजनामा प्राथमिकता प्रदानगर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

## ४.१. शिक्षक व्यवस्थापन र विकास

### ४.१.१ वर्तमान अवस्था

शिक्षक व्यवस्थापन शिक्षाको गुणस्तर सुधारका लागि एक महत्वपूर्ण पक्ष हो। नेपालमा शिक्षक व्यवस्थापनसम्बन्धी केहि प्रगति भए पनि यो अझै प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन। वर्तमानमा स्थायी, अस्थायी, राहत, अनुदान, स्वयंसेवक र निजी स्रोतका शिक्षकहरू कार्यरत छन्। तर, तिनीहरूबीच पारिश्रमिक, सुविधा र अधिकारमा ठूलो विभेद रहेको छ। प्राथमिक तहमा दरबन्दी पर्याप्त भए पनि निम्नमाध्यमिक र माध्यमिक तहमा दरबन्दी थप्नुपर्ने आवश्यकता छ। तल्लो तहका स्थायी शिक्षकहरू माथिल्लो तहमा अस्थायी भएर दोहोरो सुविधा लिइरहेको समस्या पनि देखिन्छ। लैंगिक असमानता पनि व्यवस्थापनको चुनौती हो, जहाँ प्राथमिक तहमा महिला शिक्षकको संख्या सन्तोषजनक भए पनि माथिल्लो तहमा उनीहरूको प्रतिनिधित्व न्यून छ।

कक्षाकोठाको शिक्षामा सुधार ल्याउन शिक्षकलाई नियमित तालीम, कार्यशाला, सेमिनार, अनुगमन, र समीक्षा कार्यक्रमहरू प्रदान गर्नुपर्छ तर यस्ता पेशागत सहयोगका कार्यक्रमहरु हुन सकेका छैन । चन्द्रपुर नगरपालिकामा कार्यरत शिक्षहरु ई.सि.ई.डीं मा ६४, अधारभुत तह १-५ कक्षा सम्म २२० , कक्षा ६-८ मा ४२, कक्षा ९-१० मा ४६ र कक्षा ११-१२ सम्ममा ११ जम्मा शिक्षकहरु रहेका छन् तर तिनीहरूबीच सुविधा, अधिकार र अवंसरमा समानता छैन। विद्यालय सहयोगीहरूले न्यून पारिश्रमिकमा जीवन बिताउनुपरेको छ। समग्रहमा बिद्यार्थिको अनुपालत मा शिक्षक व्यवस्थापन हुन नसक्नु नै यस नगरपालिकाको प्रमुख समस्या रहेको छ। यसकारण भएकै शिक्षकहरबाट गुणस्तरिय शिक्षा प्रदानका लगि शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउन दरबन्दी मिलान, लैंगिक समानता, पेशागत विकासका अवसर, तथा शिक्षकहरूबीचको विभेद हटाउन नीतिगत सुधार आवश्यक छ। शिक्षकहरूको दक्षता र मनोबल उच्च बनाएर शिक्षण पेशालाई अझ प्रतिष्ठित बनाउन संघीय सरकार र स्थानीय तहबीच समन्वयात्मक प्रयास गर्नुपर्ने आवश्यकता छ।

## तहगत शिक्षक विवरण

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला% |
| पूर्व प्र.वि. बा.बि.के. | ६४ | ० | ६४ | ० | १०० | ३० | | | | | |
| आधारभूत (१-५) | १४५ | ५५ | २०० | ११५ | ५८ | ३७ | | | | | |
| आधारभूत (६-८) | ३१ | १२ | ४३ | १२ | २८ | ९५ | | | | | |
| माध्यमिक (९-१०) | ३७ | ८ | ४५ | ८ | १८ | ५६ | | | | | |
| माध्यमिक(११-१२) | १२ | ० | १२ | १ | ८ | १३२ | | | | | |

स्रोत: शिक्षा शाखा, EMIS, टुलकिट २०८१

यस नगरपालिकाका शिक्षकहरूले प्रव्यवस्थापन .अ., मन्टेश्वरी, टीपिडी, पुनर्ताजगी, सूचना प्रविधि, र स्तरीकृत प्रश्नपत्र निर्माणजस्ता विभिन्न तालिम लिए पनि ती तालिमको प्रभावकारी उपयोग कक्षामा हुन सकेको छैन। आधारभूत र माध्यमिक तहमा विषयगत शिक्षकको अभाव र दरबन्दीको कमी अझै पनि मुख्य समस्या बनेको छ। शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू पर्याप्त रूपमा सञ्चालन गर्न स्थानीय तह असफल देखिन्छ, र शिक्षक पेसागत विकास तालिमको माग पूर्ति गर्न पालिका सक्षम हुन सकेको (टीपिडी) छैन। साथै, यस्ता तालिमको जानकारी EMIS मा अपलोड नगरिएको हुँदा सहि सूचना प्राप्त गर्न कठिनाइ भइरहेको छ।

त्यसैगरी, अपाङ्ग शिक्षक व्यवस्थापन, लामो विदामा रहेका शिक्षकको विकल्प व्यवस्थापन, र शिक्षक-विद्यार्थी अनुपात सुधारमा पनि पालिकाले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन। न्यूनतम पारिश्रमिक, पुनर्ताजगी तालिम, र क्षमता विकासका केही प्रयास भए पनि शिक्षक दरबन्दी मिलान र शिक्षा ऐनको कार्यान्वयन नहुँदा समस्या यथावत छ। यी चुनौतीहरूको समाधान गर्न प्रभावकारी योजना बनाउनुका साथै व्यवस्थापन कार्यलाई प्राथमिकतामा राख्न आवश्यक देखिन्छ ।

### ४.१.२ समस्या र चुनौतिहरु

१. विद्यालयमा आवश्यक तहगत विषयगत शिक्षक दरबन्दीको कमी ।
२. वस्तुनिष्ठ मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलानमा कठिनाइ ।
३. शिक्षकको पेसागत उन्नयनका लागि आवश्यकतामा आधारित तालिमको अभाव।

४. शिक्षकहरूको निरन्तर पेसागत विकासका लागि कोचिङ, मेन्टोरिङ जस्ता सहयोग उपलब्ध गराउन नसकिनु।

५. शिक्षक, अभिभावक र जनप्रतिनिधिहरूमा उत्तरदायित्व र जवाफदेहिताको कमी।।

६. तहगत विधार्थि र शिक्षक अनुपात र विषयगत शिक्षकको वितरण असमान हुनु।

७. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग जोड्नु।

### ४.१.३ उद्देश्य

१. विषयगत र तहगत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।

२. शिक्षक तालिम,शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।

३. शिक्षकको निरन्तर पेसागत विकासकाअवसरको सुनिश्चितता गर्नु ।

४. शिक्षकको जवाफदेहिता अबिबृद्धी गराउनु ।

५. शिक्षकको कार्य सम्पादन मुल्याकनलाई बिधार्थीको सिकाइ उपलब्धि र नतिजा मुखि व्यवस्थापन गर्नु ।

### ४.१.४ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगतरुपमा शिक्षक दरबन्दी मिलान पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।(१उद्देश्य )

२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने । ( १उद्देश्य )

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।(२द्देश्य उ)

४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलबध गराउने ।उद्दे)श्य २(

५. शिक्षकको उपस्थिति,नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।(३उद्देश्य )

६. शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसगँ सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।(३उद्देश्य )

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरवन्दी मिलान मिलान भइ विषयगत र तहगत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ।

३. बिधार्थीको सिकाइ अपेक्षित उपलब्धिमा वृद्धी भएको हुने छ ।

४. विद्यार्थिको नतिजामा शिक्षकहरु जिम्मेबार रहेको हुने छ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१ ८२) | २०८१ ८२ | २०८२ ८३ | २०८३ ८४ | २०८४ ८५ | २०८५ ८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(%) | १00% | १00% | १00% | १00% | १00% | १00% |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | १00% | १00% | १00% | १00% | १00% | १00% |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ६०% | ६०% | ७०% | ८०% | ९०% | ९५% |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | १५% | ५०% | ६०% | ८०% | ९०% | १००% |
| ६ | कार्यसम्पादन सम्झौता कार्यन्वयन गरेको विधालय संख्या | ० | ५ | ८ | ३ | ३ | २ |

स्रोतः शिक्षा शखा ,,EMIS टुलकिट २०८१

## ४१..६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | hDdf | |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्ष सहयता विज्ञको सूची तयार | वटा | ५ | १० | १० | १० | १० | ४५ | |
| ३ | शिक्षकहरुको क्षमता विकास कार्यक्रम( .टि .सी .आइ ) | ओटा | १० | १० | १० | १० | १० | ५० | |
| ४ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | उत्कृष्ट विषयगत शिक्षकलाई पुरस्कार तथा सम्मान कार्यक्रम | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ६ | शिक्षकहरुको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | निरन्तर | - | - | - | -. | - | - | |
| | शिक्षकहरुको कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | विद्यालय | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | |
| ७ | प्रधानाध्यापक र स्थानीय सरकार बीच कार्यसम्पादन करार सम्झौता | पटक | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | |
| ८ | घुम्ति शिक्षक। मोवाईल शिक्षक | शिक्षक | ५ | ५ | ५ | ५ | ५ | ५ | अरु आवश्यकता अनुसार |

स्रोतः शिक्षा शखा ,EMIS टुलकिट २०८१

## ४ २. पाठ्यक्रम तथा मुंल्याङ्कन

### ४.२.१ वर्तमान अवस्था

गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पाठ्यक्रम निर्माण र कार्यान्वयन महत्त्वपूर्ण छ। बाल विकास कक्षाको सिकाइ व्यवस्थापनलाई पाठ्यक्रमअनुकूल बनाउन नगरपालिका स्तरबाट प्राथमिकतामा राख्नुपर्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले स्थानीय ज्ञानको संरक्षण र विकासका लागि स्थानीय आवश्यकता आधारित पाठ्यक्रम निर्माण गर्न निर्देशन दिएको छ। स्थानीय तहको नेतृत्वमा सरोकारवालाको सहभागितामा पाठ्यक्रम तयार गरी लागू गर्नुपर्छ। विद्यार्थी मूल्याङ्कनका लागि कक्षा १–३ मा निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नति नीति छ। कक्षा ४–८ मा ५०% बाह्य र ५०% आन्तरिक मूल्याङ्कन, कक्षा ९–१२ मा ७५% बाह्य र २५% आन्तरिक मूल्याङ्कनको प्रावधान छ। कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको मापदण्डअनुसार गरिन्छ। यसले शिक्षाको गुणस्तर सुधारमा सहयोग पुऱ्याउँछ।

चन्द्रपुर नगरपालिकामा ४६ सामुदायिक विद्यालय र २९ वट अनुमति प्राप्त निजी विद्यालयहरू कक्षा १ देखि ७ सम्मा निजी विद्यालयहरुले आफ्नै अनुसारको पाठ्यक्रम लागु गरिएको छ भने ८ देखि १२ कक्षा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लागू गरिएको छ। यहाका सवै सामुदायिक विद्यालहरुमा स्थानीय पाठ्यक्रम वनि लागु नभईसकेकोले त्यस वापत कमप्यूटर र ऐछिक गणित र अग्रेजि पाठ्यक्रम अध्यान अध्यापन गराइ रहेको छ। नगर स्तरीय परीक्षा समितिले कक्षा ८ सम्मका परीक्षाहरू सञ्चालन गरेको छ, तर शिक्षक प्रबोधिकरण र स्तानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा बजेट अभावका कारण चुनौती देखिन्छ। स्थानीय पाठ्यक्रम निर्माणका लागि सरोकारवालाको सहभागितामा समिति बनाई व्यवहारिक योजना बनाउन, समावेशिता र स्थानीय आवश्यकता सम्बोधन गर्न, र शैक्षिक क्यालेन्डर निर्माण गरी प्रभावकारी रूपमा लागू गर्नुपर्ने आवश्यकता छ ।

### ४.२.२ समस्या तथा चुनौतिहरु

१. प्रारम्भिक बालविकास र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चता नहुनु
२. सबै शिक्षकहरूमा विषयगत शिक्षक निर्देशिका उपलब्धता र प्रयोगको सुनिश्चितता नहुनु,
३. निरन्तर मूल्याङ्कन प्रणाली तथा थिम बेसमा आधारित पाठ्यक्रम पूर्णतया लागू गर्न सबैजसो विद्यालयका शिक्षकहरुमा प्रवोधिकण नहुनु
४. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री विकासका लागि क्षमता विकास नभएको
५. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगको अवस्था प्रभावकारी नभएको ।
६. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यकता ।
७. स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता नहुनु ।

८. स्थानीय पाठयक्रमको कार्यान्वयनको लागि शिक्षक व्यवस्थापन तथा क्षमता विकास नहुनु ।
९. विपत तथा महामारीको समयमापाठ्यक्रममा उल्लेख न्यूनतम उपलब्धि हाँसिल गराउने सवालमा सिकाइ आपुरण कार्यक्रम कार्यान्वयन नहुनु
१०. कक्षाकोठाहरूमा न्यूनतम सिकाइ मापदण्ड अनुसारको सिकाइ कुनाहरुको व्यवस्थापन नहुनु,
११. पाठयपुस्तकलाई नै पाठयक्रमको रुपमा बुझने प्रवृति हुनु,

### ४.२.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को मर्म अनुरुप कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रमलाई पूर्ण रुपमा प्रभावकारी कार्यान्वयन गर्ने,
२. स्थानीय शैक्षिक विज्ञहरुको संलग्नतामा तथा सरोकारवालाको सहभागीतामा स्थानीय पाठयक्रमको राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ अनुसार निमार्ण गर्ने
३. पाठ्यक्रमलाई सिकारुको प्रभावकारी सिकाइलाई निरन्तर पृष्ठपोषणका लागि आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु,
४. कक्षा १ देखि ७ सम्मको निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने,
५. प्रत्येक बालविकास केन्द्र र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चितता गर्ने
६. स्थानीय पाठयक्रमको विकास तथा कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने,
७. पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि नयाँ नयाँ ढाँचाको खोज र अनुसन्धान गर्ने,
८. पाठ्यक्रमको कार्यान्वयनमा सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
९. विपत तथा महामारीको समयमा विशेष रुपमा सिकाइ आपुरण योजना कार्यान्वयन गर्नु,

### ४.२.४ रणनिति

१. सबै विद्यालयका शिक्षकहरुलाई पाठयक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराउने,
२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्ने .
३. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय बनाइ सुधार गर्ने ।
४. समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीयस्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
५. पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाउने ।
६. विपद् तथा महामारीको समयमा विशेष रुपमा सिकाइ आपुरण योजना कार्यान्वयन कार्यक्रमनिर्माण गर्ने
७. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय अपनत्व र जवाफदेहिता सिर्जना गर्ने ।

८. वैज्ञानिक र व्यवहारिक स्थानीय पाठ्यक्रम विकास प्रक्रियालाई अबलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने र प्रभावकारिताका आधारमा निरन्तरता प्रदान गरिने ।

९. स्थानीय पाठ्यक्रममा विपद्, जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी बिषयवस्तु समावेश गरी पठनपाठन गराउने।

१०. प्रारम्भिक कक्षाहरुमा पाठ्यक्रम अनुरुपको सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा, बहुभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने

११. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने ।

१२. स्थानीय पाठयक्रम कार्यान्वयको सवालमा राष्ट्रिय पाठयक्रमको ढाँचा अनुरुप कक्षा १–३ मा शतप्रतिशत आन्तरिक मूल्यांकन तथा कक्षा ४–८ मा ५० प्रतिशत निरन्तर मूल्यांकन र ५० प्रतिशत आन्तरिक मुल्यांकन मार्पत विशेष ढाँचा निर्माण गरी सूचकमा आधारित बनाउने ।

## ४.२.५ अपेक्षित उपलब्धि, र नतिजा

### उपलब्धि

१. राष्ट्रिय पाठ्यक्रम, विशेषगरी एकीकृत पाठ्यक्रम, निरन्तर मूल्याङ्कन, र विशेष सिकाइ क्षेत्र थिम ) सीप व्यवस्थापन प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइएको हुनेछ-णअन्तर्गतको शिक्ष (आधारित

२. विद्यालय स्तरमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रमलाई आवश्यकतामा आधारित र सान्दर्भिक बनाइनेछ, जसमा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउँदै दैनिक जीवनमा उपयोगी व्यवहारकुशलता र जीवनोपयोगी सीपहरू समावेश गरिनेछ।

३. स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग पुग्नेछ ।

### नतिजा

१. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय रूपमा सन्दर्भ सापेक्ष र प्रभावकारी हुने।

२. शिक्षण सिकाइको मूल्याङ्कन प्रभावकारी र व्यवस्थित हुने।

३. सबै विद्यालय र बाल विकास केन्द्रमा पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध भएको र प्रयोगमा आएको हुने।

४. प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तहमा आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।

५. राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिम शैक्षिक गतिविधिहरू तथा मूल्याङ्कन प्रणाली प्रभावकारी र व्यवस्थित हुने।

६. शैक्षिक सत्र २०८४ सम्म स्थानीय पाठ्यक्रम कक्षा १ देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।

७. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।

८. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य विवरण फाइल खडा भएको हुने।

### ४.२.६.प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | भौतिक लक्ष्य | | | | | | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईकाइ | आधा बर्ष | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६को प्रभावकारी कार्यान्वयन लागि अभिमुखीकरण | निरन्तर | | | | | | | | |
| २ | स्थानीय पाठयक्रम र पाठय पुस्तक निर्माण तथा कार्यान्वयन | तहगत | | कक्षा १-३ | कक्षा ४-५, | कक्षा ६-८ | | | | |
| ३ | स्थानीय पाठयक्रम प्रर्वोधिकरण | तहगत | | कक्षा १-३ | कक्षा ४-५, | कक्षा ६-८ | | | | |
| ४ | पाठयक्रमको सुधार तथा परीमार्जन | पटक | - | - - | - | - | १ | - | १ | तहगत रुपमा |
| ५ | स्तरीकृत प्रश्न निर्माण कार्यशाला | पटक | | १ | १ | १ | १ | १ | ४ | |
| ६ | एकीकृत पाठयक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | |
| ७ | उत्कृष्ट विद्याल य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | |

स्रोतः शिक्षा शखा ,EMIS टुलकिट २०८१

## ४.३. शैक्षिक समता र समावेशिकरण

### ४.३.१ वर्तमान अवस्था

शिक्षामा समानता (Equity) र समावेशीकरण (Inclusion)ले हरेक व्यक्तिलाई जात, धर्म, लिङ्ग, भाषा, शारीरिक वा मानसिक अवस्था, आर्थिक हैसियत, भौगोलिक क्षेत्र, वा सामाजिक अवस्था जस्ता कुनै पनि विभेद बिना समान शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्दछ। यसले हरेक व्यक्तिको विशिष्ट आवश्यकता र विशेषतालाई ध्यानमा राख्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न मद्दत गर्छ।

समानता शिक्षाको यस्तो अवस्था हो, जहाँ हरेक विद्यार्थीलाई समान अवसरका साथ शिक्षामा सहभागी गराइन्छ। समावेशीकरण भनेको शिक्षा प्राप्त गर्नबाट बञ्चित भएका व्यक्ति वा समुदायलाई शिक्षाको मूल प्रवाहमा समावेश गरी उनीहरूको सहभागिता सुनिश्चित गर्नु हो। यसले महिला, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपमा विपन्न, जातीय अल्पसंख्यक, र सामाजिक रूपमा पछाडि परेका समूहका लागि विशेष प्राथमिकतासहित शिक्षामा पहुँच पुऱ्याउन योगदान पुऱ्याउँछ।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति–२०७६, र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन–२०७५ ले सबैलाई समान शैक्षिक अवसर सुनिश्चित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। अपाङ्गता भएका, सिमान्तकृत, र आर्थिक रूपमा कमजोर समुदायलाई छात्रवृत्ति, निःशुल्क शिक्षा, दिउँसो खाजा, पाठ्यपुस्तक, र आवासीय छात्रवृत्तिको व्यवस्था गरिएको छ। यसले सिमान्तकृत समूहका बालबालिकाहरूलाई शिक्षामा पहुँच र सहभागिताको अवसर प्रदान गरिरहेको छ। साथै, मातृभाषा र बहुभाषाको प्रयोग गरी सिकाइलाई सहज

बनाउनु, महिला शिक्षकहरूको समावेशी व्यवस्था, र पाठ्यक्रममा लैङ्गिक तथा सांस्कृतिक संवेदनशीलतालाई समावेश गर्नुजस्ता कदमले विविधताको सम्मान गर्दै समता र समावेशीकरणलाई प्रोत्साहन गरिरहेको छ।

चन्द्रपुर नगरपालिका सामाजिक, सांस्कृतिक, र आर्थिक विविधता भएको क्षेत्र हो, जहाँ विभिन्न जातीय, भाषिक, र धार्मिक समूहका व्यक्तिहरूको बसोबास छ। जम्मा साक्षर प्रतिशत ७०.९ प्रतिशत रहेको मा महिला ६३.७ प्रतिशत र ७८.३ प्रतिशत पूरुष नागरीक रहेको छ । यसमा १०० प्रतिशत साक्षर दुवटा जाति कायस्त र भुमिहार र सव भन्दा कम डोम जातिको १२.२ पतिशत रहेकोछ। यस क्षेत्रका सिमान्तकृत समूहका लागि शिक्षामा पहुँच, सहभागिता, र सिकाइका अवसरलाई सुनिश्चित गर्न विशेष योजना र कार्यक्रमहरूको आवश्यकता छ। जातीय, भाषिक, र सांस्कृतिक विविधताका आधारमा नीतिगत योजना तयार गरी समावेशी शिक्षा प्रणाली लागू गर्ने तर्फ ध्यान केन्द्रित गरिनु आवश्यक छ।

दलित विद्यार्थि विवरण

| तहगत दलित विद्यार्थी | २०८१८२/ | ८२८३/ | ८३८४/ | ८४८५/ | ८५८६/ |
|---|---|---|---|---|---|
| आधारभूततह -१कक्षा )५मा दलित ( बिध्यर्थिको प्रतिशत | २६३. | २८७. | ३१४. | ३४४. | ३७८. |
| आधारभूततह -६कक्षा )८मा दलित ( बिध्यर्थिको प्रतिशत | १४७. | १६७. | १८८. | २१३. | २४. |
| आधारभूततह -१कक्षा )८मा दलित ( बिध्यर्थिको प्रतिशत | २२६. | २५. | २७८. | ३०९. | ३४३. |
| माध्यमिकतह -९कक्षा )१० मा (दलित बिध्यर्थिको प्रतिशत | १०३. | ११५. | १२७. | १४१. | १५७. |
| माध्यमिकतह -११कक्षा )१२मा दलित ( बिध्यर्थिको प्रतिशत | ८८. | ९३. | ९७. | १०२. | १०७. |
| माध्यमिकतह -९कक्षा )१२मा दलित ( बिध्यर्थिको प्रतिशत | ९८. | १०७. | ११६. | १२७. | १३९. |

स्रोत: शिक्षा शखा, EMIS टुलकिट २०८१

## तहगत विद्यार्थिको लैगिंक भर्ना दर विवरण

| आर्थिक बर्ष | ८१आर्थिक वर्ष ८२/ | ८२८३/ | ८३८४/ | ८४८५/ | ८५८६/ |
|---|---|---|---|---|---|
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.९९ | ०.९८ | ०.९७ | ०.९६ | ०.९५ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १.०७ | १.०५ | १.०३ | १.०१ | ०.९९ |
| कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GIR) | १.३१ | १.२५ | १.२० | १.१४ | १.०९ |
| कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | १.३८ | १.३३ | १.२९ | १.२४ | १.२० |
| आधारभूततह -१कक्षा )८सहजै देखिने भर्ना को ( दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.१३ | १.११ | १.१० | १.०८ | १.०६ |
| आधारभूततह -१कक्षा )८को खुद भर्ना दरमा ( लैङ्गिक समता सूचांक (GPI in NER) | १.११ | १.१० | १.०८ | १.०७ | १.०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| माध्यमिकतह -९कक्षा )१२को सहजै देखिने भर्ना ( दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ |
| माध्यमिकतह -९कक्षा )१२को खुद भर्ना दरमा ( लैङ्गिक समता सूचांक (GPI in NER) | ०.८९ | ०.९० | ०.९१ | ०.९३ | ०.९४ |

स्रोत: शिक्षा शखा, EMIS टुलकिट २०८१

# ४.४ पोषण, स्वास्थ्य तथा दिवा खजा

## ४.४.१ वर्तमान अवस्था

नेपालमा सन् १९७४ देखि जिल्लाका छानिएका प्राथमिक कक्षामा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो।आर्थिक वर्ष २०७७÷२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्ष देखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७–७८ मा यो लगानी करिब ८ अरब पुगेको छ।नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजाले महत्वपूर्ण योगदान दिएको छ।यस पालिकामा सञ्चालित ४६ सामुदायिक विद्यालयहरुमा दिवा खाजा निरन्तर चलिरहेको र दिवा खाजा सञ्चालन भए पश्चात विद्यार्थीहरुको विद्यालयमा टिकाउ दर पनि बढेको छ । नेपाल सरकारको मापदण्ड अनुसार विद्यालय खाजा मेनु सञ्चालन गर्नका लागि निर्देशन भए पनि सबै विद्यालयमा यसको पालना गरिएको पाईएको छैन । जसको लागि आवश्यक निरिक्षण र निगरानि गरि समस्याको समाधानका लागि पहल गर्ने कार्य निरन्तर जारि रहेको छ। साथै अभिभावलहरुलाई पनि दिवा खाजाको विषयमा जानकारी गराई यसको महत्वको बारेमा जानकारी गराउनु पर्ने देखिन्छ । यस पालिकामा रहेको विद्यालयहरुमा दिवा खाजाको वारेमा निरिक्षण गर्दै पोषण र सरसफाईको पनि विशेष ख्याल राख्ने गरिएको छ।

### विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ।वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि सेनेटरी प्याड, फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुनेगर्दछन्। चन्द्रपुर नगरपालिकाद्वारा विद्यालय नर्सको व्यवस्था गरि विद्यार्थीको स्वास्थ्य परिक्षण, विभिन्न समस्या र त्यसका समाधानको व्यवस्था गरिएको छ ।

### सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नुका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पारेको देखिन्छ । नेपाल

सरकारबाट विद्यालय दिवा खाजा कार्यक्रम लागू हुनु पुर्व स्थानीय तहको संरचना बने पश्चात यस पालिकाले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनिय सहभागिता भएको छ । आ.व. २०७६÷०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका कक्षा ०–५ सञ्चालित विद्यालय मार्फत विद्यार्थीहरु लाभाम्वीत भएका छन् । साथै पालिकाबाट विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएको छ।

### ४.४.२ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,
४. स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ –

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा, ताजा र पोषिलो खाजा तयार गरीने ।
३. समूहमा हात धुने बानी विस्तार गरिनेछ।
४. सबै विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा
५. आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
६. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
७. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइ प्रति सचेत भएको हुने।
२. विद्यालय दिवा खाजा कर्यविधि , अद्यावधिक तथा थप प्रभावकारिताका साथ
३. कार्यान्वयन भएको हुने।
४. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने।
५. सबै विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक
६. उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।
७. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
८. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
९. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।

## नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-८ | १-८ | १-८ | १-८ | १-८ | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | | | | | | |
| ५ | खानेपानी,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | | | | | | |
| ६ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | | | | | | |

## ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य) ५ वर्ष( | | | | | | भौतिक लक्ष्य )१० वर्ष( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रवन्ध | सख्या | ६४ | ६४ | ६४ | ६४ | ६४ | | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रवन्ध | सख्या | ६४ | ६४ | ६४ | ६४ | ६४ | | | |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | ५ | | | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपानमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | सख्या | १० | १० | १० | ० | ० | ३० | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | निरन्तर | | | | | | | | सबे विधालयमा ९-१२ का बिधार्थिहरुको लागि |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक क्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | निरन्तर | | | | | | | | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान,तथा प्रतिस्थापन | संख्या | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६४ | | |

## ४.५ विद्यालय सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशिलता

### ४.५.१ वर्तमान अवस्था

विपद् र जोखिम अवस्थामाबाट वचाउन र सुक्षित वतारणमा शिक्षण कार्यको निरन्तरताका लागि व्यवस्थपन पूर्व त्यारि र प्रतिकार्य योजना निर्माण र प्रभावकारी कार्यान्वयनका लागि चन्द्रपुर नगरपालिका कटिवद्ध रहेको छ। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

यस खण्डमा मूलतः तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ-

क) प्राकृतिक प्रकोपः भूकम्प, बाढीपहिरो, हावाहुरी, आगलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख)महामारीः झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड-१९ आदि सरूवारोगहरू।

ग)युद्ध, द्वन्द्व, विस्थापनः आन्तरिक तथा बाह्ययुद्ध एवम्द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्यकारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

चन्द्रपुर नगरपालिकाको शिक्षा नीतिले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापनका लागि लागि परेको छ। यसमा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन, विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण, र पुनर्लाभिका कार्यक्रमहरू विद्यालयहरूको वार्षिक कार्यतालिकामा समावेश गर्ने व्यवस्था गर्न सकेको छैन ।विद्यालयमा हेपाइ, हिंसा, असुरक्षा, भय, विभेदजस्ता गैरसंरचनात्मक जोखिम न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक, र समुदायका सदस्यहरूको सहकार्यमा बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको विकासमा जोड दिइएको छ। कोभिडले शिक्षा १९-पालिकाले शिक्षण सिकाइको प्रभावलाई कम गर्न र क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई सम्बोधन गर्न नगर वैकल्पिक माध्यमबाट बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्न नीतिगत र कार्यक्रमिक प्रयास गरिरहेको थियो।

यसका साथै, आपतकालीन अवस्थाले शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, स्रोत साधन, र व्यवस्थापनका लागि आवश्यक पेसागत क्षमताको विकासमा ध्यान दिनुपर्ने आवश्यकता पहिचान गरिएको छ। आपतकालीन तयारी, प्रतिकार्य, र पुनर्निर्माणका लागि भरपर्दो प्रणाली विकास गर्नु पर्ने आजको अवशयकता हो र वालवालिकाको मानव अधिकारको सम्वोधनको प्रयास हो ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू ०:**

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।
३. संकटको क्षेत्र पहिचान गर्नु।

४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता।

### ४.५.३ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने।
३. प्रतिकार्य योजना तथा पूर्व त्यारगरि जोखिम न्यूनकिरण गर्नु ।

### ४.५.४ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहतयोजना र विद्यालयहरूले आ–आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।
३. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम, र पुनर्स्थापनाका लागि क्षमताविकास गरिनेछ।
४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ
५. विपद्को पूर्व अनुमान गरि पूर्व सूचना प्रवाहको व्यवस्थपन ।
६. आपतकालिन समयमा वैकल्पिक शिक्षाको व्यवस्थापन गरि शिक्षण निरन्तरता ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षाको निरन्तरताको सुनिश्चित हुने ।
२. सम्भावित जोखिमहरु न्युनिकरण भएको हुने छ।
३. विद्यालयमा विपद जोखीम न्युनिकरण सम्वन्धित फोकल शिक्षकले जिम्वारी वहन गरि वेला वेलामा अभ्यास द्धरा सवै लागि अभ्यसत गरिएको हुने छ।
४. विद्यालयमा विपद जोखिमबाट बच्चन अवस्थाको विशलेषण गरि सुरक्षित रहन सक्ने क्षमता र चेतना विकास वालवलिका तथा शिक्षकहरुमा भएको हुने ।
५. विद्यालयमा Assembly area तोकिएको, प्रतिकार्य योजना निर्माण बनाई लागु गरिएको हुने छ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष ,२०८१ ८२ | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई जीवन-सीपसहित कोभिड र विपद् | ६ | ६ | ६ | ६ | ६ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जोखिम न्यूनीकरण अभिमुखीकरण सञ्चालन गर्ने माध्यमिक विद्यालय संख्या। | | | | | | |
| २ | हरित विद्यालय सँख्या | १ | १ | १ | १ | १ | १ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| ४ | स्थानिय स्तरमा शिक्षा समुहको गठन | ० | १ | ० | ० | ० | ० |
| ५ | विपद प्रतिकार्य योजना | १४ | १४ | १४ | १४ | १४ | १४ |

### ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१ ८२) | २०८१ ८२ | २०८२ ८३ | २०८३ ८४ | २०८४ ८५ | २०८५ ८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई जीवन-र विपद् सीपसहित कोभिड जोखिम न्यूनीकरण अभिमुखीकरण सञ्चालन गर्ने माध्यमिक विद्यालय संख्या। | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २ | हरित विद्यालय सँख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ४ | स्थानिय स्तरमा शिक्षा समुहको गठन | वडा स्तरिया | १० | १० | १० | १० | १० |
| ५ | विपद प्रतिकार्य योजना | २४ | २४ | २४ | २४ | २४ | २४ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

(क) **विद्यालय भौतिक पूर्वाधार सम्बन्धी वर्तमान कानुनी व्यवस्थाः** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी विद्यालय भौतिक पूर्वाधार निर्माणको राष्ट्रिय मानक बनाइ अनिवार्य रुपले कार्यान्वयन गर्ने गरी शिक्षातथा प्रविधि मन्त्रालयबाट ***विद्यालय भौतिक पूवाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०*** लागू गरेको छ । विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को दफा ९ को उपदफा (१)(क) र (ख) बमोजिम विद्यार्थीका लागि सुविधाजनक रूपमा पठन–पाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका विद्यार्थीहरुको लागि र माध्यमिक तह सम्मको लागि प्रति विद्यार्थी न्यूनतम १.०० वर्ग मिटर र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.२० वर्गमिटर बराबरको क्षेत्रफल आवश्यक हुने र एउटा कक्षा कोठा ६० वर्गमिटर भन्दा ठूलो बनाउनु नहुने व्यवस्था गरिएको छ । विद्यालय भौतिक पूर्वाधार

निर्माण सम्बन्धी मापदण्ड, २०८० को दफा ८(१) बमोजिम प्रत्येक विद्यलयमा रहन सक्ने भौतिक संरचनाहरुमाः कक्षाकोठाहरु, शुद्ध खानेपानी, शौचालय, प्रधानाध्यापक, शिक्षक तथा प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, प्रयोगशाला, खाजा घर वा भान्सा कोठा, मनोरञ्जन कक्ष, पर्खाल वा घेराबेरा, पालेघर, प्राथमिक स्वास्थ्य उपचार कक्ष, बैठक तथा सम्मेलन कक्ष, पोशाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष, स्टोर र आवासिय विद्यालयको हकमा छुट्टै आवास भवन समेतको व्यवस्था हुनुपर्ने मापदण्ड रहेको छ । सोही दफा ८ को उपदफा (२) र (३) बमोजिम प्रत्येक विद्यालयमा विद्यार्थीका लागि फर्निचरसहितको कक्षाकोठा, छात्रछात्राकालागि बेग्लाबेग्लै शौचालय, खानेपानी र सरसफाइसहितको भौतिक पूर्वाधार हुनु पर्ने र मापदण्ड अनुसारकोविद्यालय भौतिक पूर्वाधार नभए निर्माण गर्नुपर्ने, निर्माण गर्न नसके विद्यालय समायोजन गरी मापदण्ड अनुरुपको विद्यालय भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने अनिवार्य व्यवस्था रहेको छ । ***विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०*** को दफा (८) को उपदफा (४) बमोजिम विद्यालयमा तहगत तथा विद्यार्थी संख्यको आधारमा रहनुपर्ने न्यूनतम पूवाधार सम्बन्धमा मापदण्डको अनुसूचि– १ अनुसार देहायमा उल्लेख गरिए अनुसार विद्यालय भौतिक पूर्वाधार हुनुपर्ने अनिवार्य व्यवस्था रहेको छ.

१. **बाल कक्षा देखि कक्षा ५ सम्मको विद्यालय र २०० जना सम्म विद्यार्थी संख्या भएकोमाः** प्रारम्भिक बालविकासको लागि कक्षाकोठा १ वटा, कक्षा कोठा संख्या ५, प्रधानाध्यापक तथा शिक्षक कक्ष १, भान्साघर, स्टोर १ गरी जम्मा ८ वटा कक्षाकोठा भएको विद्यालय भवन र फिल्टरेट खानेपानीको व्यवस्था, शौचालय १ ( छात्र-छात्राको लागि छुट्टा छुट्टै हुने गरी ), खेलमैदान, पर्खाल तथा घेराबेरा को व्यवस्था अदिको अनिवार्य रुपले भएको हुनुपर्ने।

२. बाल कक्षा देखि कक्षा ८ सम्मको **आधारभूत विद्यालय र ३०० जना सम्म विद्यार्थी संख्या भएकोमाः** प्रारम्भिक बालविकासको लागि कक्षाकोठ १ वट, कक्षा कोठा संख्या ८, प्रधानाध्यापक कक्ष १ शिक्षक कक्ष १, भान्साघर, स्टोर १ गरी जम्मा १२ वटा कक्षाकोठा भएको विद्यालय भवन र फिल्टरेट खानेपानीको व्यवस्था, शौचालय १÷१ ( छात्र÷छात्राको लागि छुट्टा छुट्टै हुने गरी ), यूरिनल ५÷५ , भलिबल कोर्ट सहितको खेलमैदान, पर्खाल तथा घेराबेरा को व्यवस्था अदिको अनिवार्य रुपले भएको हुनुपर्ने ।

३. बाल कक्षा देखि कक्षा १० सम्मको माध्यमिक विद्यालय र ३०० देखि ५०० जना सम्म विद्यार्थी संख्या भएकोमाः प्रारम्भिक बालविकासको लागि कक्षाकोठा १ वटा, कक्षा कोठा संख्या १०, प्रधानाध्यापक कक्ष १ शिक्षक कक्ष १, पुस्तकालय १ वटा ( पुस्तकालय २ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको (९० वर्गमिटर क्षेत्रफल)हुनुपर्ने) , प्रयोगशाला कक्ष ३ वटा ( प्रत्येक प्रयोगशाला २ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको(९० वर्गमिटर क्षेत्रफल) हुनुपर्ने), सभाकक्ष १ वटा (२ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको (९० वर्गमिटर क्षेत्रफल)हुनुपर्ने), कम्प्यूटर ल्याब कक्ष १ वटा (२ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको (९० वर्गमिटर क्षेत्रफल)हुनुपर्ने), प्राथमिक उपचार कक्ष १, भान्साघर, स्टोर १, विषयगत कार्यशाला कक्ष विषय अनुसार कम्तिमा ७ वटा र मनोरञ्जन हल १ वटा (२ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको(९० वर्गमिटर क्षेत्रफल) हुनुपर्ने) गरी जम्मा ३४ वटा कक्षा कोठा बराबरको क्षेत्रफलको भवन मापदण्ड

अनुरुपको विद्यालय भवन संरचाना र फिल्टरेट खानेपानीको व्यवस्था, शौचालय २।२ ( छात्र÷छात्राको लागि छुट्टा छुट्टै हुने गरी ), यूरिनल १०।१० , भलिबल कोर्ट सहितको खेलमैदान, पर्खाल तथा घेराबेरा को व्यवस्था अदिको अनिवार्य रुपले भएको हुनुपर्ने ।

४. बाल कक्षा देखि कक्षा १२ सम्मको माध्यमिक विद्यालय र ३०० देखि ५०० जना सम्म विद्यार्थी संख्या भएकोमा: प्रारम्भिक बालविकासको लागि कक्षाकोठ १ वट, कक्षा कोठा संख्या १२, प्रधानाध्यापक कक्ष १ शिक्षक कक्ष १, पुस्तकालय १ वटा ( पुस्तकालय २ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको (९० वर्गमिटर क्षेत्रफल)हुनुपर्ने) , प्रयोगशाला कक्ष ३ वटा ( प्रत्येक प्रयोगशाला २ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको(९० वर्गमिटर क्षेत्रफल) हुनुपर्ने), सभाकक्ष १ वटा (२ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको (९० वर्गमिटर क्षेत्रफल)हुनुपर्ने) ,कम्प्यूटर ल्याब कक्ष १ वटा (२ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको (९० वर्गमिटर क्षेत्रफल)हुनुपर्ने), प्राथमिक उपचार कक्ष १, भान्साघर, स्टोर १, विषयगत कार्यशाला कक्ष विषय अनुसार कम्तिमा १० वटा मनोरञ्जन हल १ वटा (२ वटा कक्षाकोठा बराबरको क्षत्रफल भएको(९० वर्गमिटर क्षेत्रफल) हुनुपर्ने) गरी गरी जम्मा ४१ वटा कक्षा कोठा बराबरको क्षेत्रफलको भवन मापदण्ड अनुरुपको विद्यालय भवन संरचाना र फिल्टरेट खानेपानीको व्यवस्था, शौचालय २÷२ ( छात्र÷छात्राको लागि छुट्टा छुट्टै हुने गरी ), यूरिनल १०।१० , भलिबल कोर्ट सहितको खेलमैदान, पर्खाल तथा घेराबेराको अनिवार्य व्यवस्था गर्दै, पाले घर पोशाक तथा सेनेटरी प्याड परिवर्तन कक्षा र यस बाहेक नगरपालिकाले तोकेका थप विद्यार्थी उद्यमिशिलता कक्ष, प्राविधिक धारको कक्षा सञ्चालन गरिएका विद्यालयहरुमा थप भौतिक संरचना समेत निर्माण हुनुपर्ने । विद्यार्थी संख्याको आधारमा थप कक्षाकोठा थप गर्दै जानुपर्ने अनिवार्य व्यवस्था छ । भौतिक पूर्वाधारहरु, सिकाइ मैत्रि, बाल मैत्रि, अपाङ्ग मैत्रि, लैङ्गिक मैत्रि हुने गरी वर्षा, हावाहुरी, अति चीसो, अति गर्मी, भूकम्प, लगायतबाट सुरक्षित हुने गरी विपद जोखिममुक्ता भूतिक पूवाधार निर्माण भएको हुनुपर्ने व्यवस्था समेत रहेको छ ।

(ख) **यस चन्द्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका विद्यालय संख्या र विद्यालयको भौतिक पूर्वाधारको** व्याख्या: यस नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक तथा सार्वजनिक विद्यालयको संख्य ४६ रहेको छ । जसमध्ये बालविकास तर्फ विद्यालयको संख्या ६४ रहेको छ । १ देखि कक्षा ५ सम्म पढाइ हुने प्राथमिक विद्यालय संख्या २२ रहेको छ । कक्षा ६ देखि कक्षा ८ सम्म पढाइ हुने आधारभूत विद्यालय संख्या १२ रहेको छ । बाल कक्षा देखि कक्षा १० सम्म पढाइ हुने माध्यमिक विद्यालयको संख्या ६ रहेको छ र बाल कक्षा देखि १२ कक्षा सम्म पढाइ हुने माध्यमिक विद्यालय संख्या ६ रहेको छ ।

नगरपालिका क्षेत्रभित्र रहेका ४६ विद्यालयहरुमा प्रत्येक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा सञ्चालन रहेका छन तर २० वटा विद्यालयमा विद्यालय पूवाधार मापदण्ड अनुरुप सुरक्षित कक्षा कोठा छैनन् र ४६ वटै विद्यालयमा बाल कक्षा देखि ३ कक्षा सम्म कक्षाकोठामा मापदण्ड, २०८० को दफा १७ बमोजिम चिसो तातोबाट बचाउन कम्तिमा २.५से.मि.को बाक्लो काठको भूई हुनुपर्नेमा कुनैपनि विद्यालयको बाल कक्षा देखि ३ कक्षा सम्म गरी जम्मा ४ कक्षा कोठाहरुमा त्यस्तो व्यवस्था भएको छैन । २५ वटा प्राथिमिक विद्यालयको कक्षाकोठा भवन जस्ताको छाना भएका ट्रष्टहरु छन् , ती जस्ताका छाना भएका कक्षाकोठा

भएका भवनहरु जीर्ण भएका छन् , सुरक्षित छैनन्, वर्षामा पानि चुहिने, चिसोमा सीत पर्ने र गर्मीमा जस्ता तातेर कक्षाकोठमा बस्न नसकिने, भित्ता भूईहरु भत्किएका भत्किन लागेको, रंगरोगन उडिसकेको अवस्था छ । १२ वटा सामुदायिक माध्यमिक विद्यालयहरु प्रत्येकमाविद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को अनुसूचि १ बमोजिमको भौतिक पूर्वाधारमा प्रधानाध्यापक कक्ष, कर्मचारी कक्ष, शिक्षक कक्ष, भण्डारण, खाजा घर, भान्साघर छुट्टा छुट्टै हुनुपर्नेमा सोको व्यवस्था छैन । कार्यविधिको अनुसूचि २ बमोजिमको ९० वर्गमिटर क्षेत्रफल भएको पुस्ताकालय– १, मनोरञ्जन कक्ष–१, ड्राइङ्ग कक्ष–१, कम्प्यूटर ल्याब–१, भौतिक विज्ञान प्रयोगशाल–१, रसायनिक विज्ञान प्रयोगशाला–१, जीव विज्ञान प्रयोगशाला–१, सभाहल –१ गरी ९० वर्गमिटर क्षेत्रफल भएका कोठाहरु एकैठाउमा वा छुट्टा छुट्टै हुनेगरी जम्मा ८ वटा प्रयोगशाल भवन छैन र भएकापनि मापदण्ड अनुरुपका छैनन ।

कतिपय प्राथमिक विद्यालयमा विद्यार्थी संख्या न्यून छन् । एउटै वडाभित्र १०वटा सम्म विद्यालयहरु छन् तर मापदण्ड अनुरुपको पर्याप्त भौतिक पूवधार एउटामा पनि छैन । अपाङ्ग मैत्री, बालमैत्री, लैङ्गिकमैत्री शौचालय पयाप्त छैन । १५ वटा विद्यालयहरुमा घेराबेरा नै छैन । ३५ वटा विद्यालयमा फिल्टरेट शुद्ध खानेपानीको व्यवस्था छैन । चापाकलबाट निकालेको आर्सेनिकयुक्त पानी खान बाध्य छन् विद्यार्थीहरु । विद्यालयमा परम्परागत डेस्क बेन्चको व्यवस्था भएको भए तापनि मापदण्ड अनुरुपको सिकाईमैत्री फर्निचर्सहरु पर्याप्त छैनन् ।

### ४.६.२ उद्देश्य

१. "विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०" अनुसार विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्नु ।
२. मापदण्ड अनुरुपको विद्यालयको भौतिक पूर्वाधारहरू विद्यालय तह र संख्याको आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री हुने गरी पारदर्शी एवं जवाफदेहीताका आधारमा बनाउने।

### ४.६.३ रणनीतिहरू

१. मापदण्डा अनुरुप विद्यालयको भौतिक पूर्वाधार विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा विकास गर्ने ।
२. १.५ किलोमिटर भित्र पर्ने विद्यालयहरुको समायोजन गरी मापदण्ड अनुरुपको विद्यालयको भौतिक पूर्वाधार तयार गर्न विद्यालय संख्या वालविकास माथिल्लो कक्षा १ देखि पढाई हुने विद्यालयको संख्या ४० एकिन गर्ने ।
३. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने ।
४. विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, खाने पानी, शौचालय, भान्सा वा खांजाघर, मापदण्ड अनुरुपको ९० वर्गमिटर क्षेत्रफल भएको पुस्ताकालय– १, मनोरञ्जन कक्ष–१, ड्राइङ्ग कक्ष–१, कम्प्यूटर ल्याब–१, भौतिक विज्ञान प्रयोगशाल–१, रसायनिक विज्ञान प्रयोगशाला–१, जीव विज्ञान प्रयोगशाला–१, सभाहल –१ लगायत सबैको योजना समावेश गरी डिजायन गर्ने।

५. प्राकृतिक प्रकोपबाट भत्किएका, बिग्रिएका र पूराना जीर्ण भवन भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गर्ने ।
६. पूर्वाधार निर्माणसँगै शुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
७. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने ।
८. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्म्मत सम्भार गर्ने ।
९. जस्ताका छाना भएका २० वर्ष भन्दा पुराना जीर्ण भएका मापदण्ड विपरितका ट्रष्ट, टहरा हटाइ सो स्थानमा पुनर्निर्माण गर्ने ।
१०. "विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०" मा उल्लेखित न्यूनतम भौतिक पूर्वाधार तीनै तहको सरकार, विभिन्न साझेदारहरुको समन्वयमा निर्माण गर्ने ।

### ४.६.४प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

नतिजा

१. विद्यालय तह र संख्यको आधारमो विद्यालय भौतिक पूर्वाधार विकास (निर्माण) लागि "विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०" बमोजिमको १० वर्षे गुरु योजना तयार हुने।
२. विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड अनुरुपपूर्वाधार विकास हुनेछ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकासहुने।
४. मापदण्डा अनुसार पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।
७. सबै विद्यालयको क्षेत्रभित्र घेराबार र प्रवेश गेट निर्माण भएको हुने।
८. कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, खाने पानी, शौचालय, भान्सा वा खाजाघर, मापदण्ड अनुरुपको ९० वर्गमिटर क्षेत्रफल भएको पुस्ताकालय– १, मनोरञ्जन कक्ष–१, ड्राइङ्ग कक्ष–१, कम्प्यूटर ल्याब–१, भौतिक विज्ञान प्रयोगशाल–१, रसायनिक विज्ञान प्रयोगशाला–१, जीव विज्ञान प्रयोगशाला–१, सभाहल –१, घेराबेरा लगायतका विद्यालयको भौतिक पूर्वाधार निर्माण हुने ।

